का.जि.प्र.का.द.नं. १००/०५९/६०
१३ भदौ २०८२
शुक्रबार
29 August 2025
Friday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक २०८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

चासोमा ओलीको चीन भ्रमण

# परीक्षामा प्रधानमन्त्री





मेरो पछिल्लो प्रधानमन्त्री कालको भारत भ्रमण क्रममा सीमा विवादबारे कुरा भएको थियो । भारतीय प्रधानमन्त्री मोदीले सीमा समस्या संवादद्वारा हल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
पूर्वप्रधानमन्त्री



राष्ट्रियताको विषय कूटनीतिक तवरबाटै समाधान खोज्नुपर्छ । त्यसका लागि प्रधानमन्त्रीको चीन भ्रमण उपयुक्त समय हुन सक्छ । उहाँले समकक्षी सी र मोदीसँग नेपालको सीमा सम्बनधमा बलियो ढंगबाट संवाद गर्न सक्नुपर्छ ।

**दीपकुमार उपाध्याय**
भारतका लागि पूर्वराजदूत

राष्ट्रियताको विषयमा दह्रो अडान लिने नेताका रूपमा आफूलाई अग्रपंक्तिमा राख्ने नेता हुन- केपी शर्मा ओली । उनैले नेपालको राजनीतिक र प्रशासनिक नक्सामा लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेटेका थिए ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १२ भदौ

नेपाली राजनीतिमा उठ्दै आएको राष्ट्रियताको सवालमा प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली यतिबेला परीक्षाको घेरामा छन् । सांघाई सहयोग शिखर सम्मेलनमा भाग लिन चीन जाने तयारीमा रहेका प्रधानमन्त्री राष्ट्रियताको मुद्दाका कसरी प्रस्तुत हुन्छन् ? भन्ने कोणबाट बहस भइरहेको छ ।

पछिल्लोपटक भारत र चीनबीच भएको लिपुलेक क्षेत्रलाई द्विदेशीय व्यापारिक मार्ग बनाउने सहमतिको विषयलाई प्रधानमन्त्री ओलीले समकक्षीसँग उठाउँछन् कि उठाउँदैनन् भन्ने कुरा महत्वपूर्ण भएको विज्ञहरू बताउँछन् । भदौ १४ गतेदेखि १८ गतेसम्म चीन भ्रमण गर्ने कार्यक्रम छ । भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सी चिन फिङ र उपराष्ट्रपति हान फ्रेङलगायतसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । त्यस्तै, सोही कार्यक्रममा जाने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग समेत नेपालका प्रधानमन्त्रीको साइडलाइन भेट हुने कार्यक्रम छ । सो भेटमा ओलीले मोदीलाई नेपालको सहभागिताबिना नेपाली भूमि उपभोग गर्ने विषयमा छिमेकी मुलुक चीन र भारतको सहमतिको सवालमा बलियो ढंगबाट कुरा उठाउने अपेक्षा छ ।

छिमेकी दुई देशसँगको सम्बन्ध र राष्ट्रियताको मुद्दालाई बलियो बनाउन प्रधानमन्त्री आफैंले कूटनीतिक संवाद थाल्नुपर्ने भारतका लागि पूर्वराजदूत दीपकुमार उपाध्यायले

पृष्ठ २ मा

# प्राथमिकतामा पाँच विधेयक

बर्षे अधिवेशन अन्त्य हुने समय नजिकिँदै गर्दा सरकारले महत्वपूर्ण विधेयक पास गर्न लागेको हो । सरकारले नै प्राथमिकता दिएपछि संसद् कानुन निर्माणमा केन्द्रित भएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ भदौ



सरकारले विभिन्न पाँचवटा विधेयकलाई प्राथमिकतामा राखेको छ । सरकारले प्राथमिकतामा राखेपछि प्रतिनिधि सभाले सोहीअनुसार विधेयक अगाडि बढाउनेगरी प्रतिनिधि सभाको भदौ महिनाको दोस्रो पाक्षिक क्यालेन्डर तय गरेको छ ।

पाक्षिक क्यालेन्डर गर्न बिहीबार सभामुख देवराज घिमिरे र प्रमुख राजनीतिक दलका प्रमुख सचेतक र सचेतकहरू छलफलमा जुटेका थिए । सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा बसेको बैठकले भदौ महिनाको १५ दिनमा पाँच दिन बस्नेगरी पाक्षिक क्यालेन्डर तय गरेको छ ।

तय भएको क्यालेन्डरअनुसार शुक्रबार बस्ने बैठकले भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक पारित गरेर राष्ट्रिय सभामा पठाउनेछ । राष्ट्रिय सभाले पारित गरेपछि पुनः प्रतिनिधि सभामा आउँछ । सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनमा रूपान्तरित भएर लागू हुन्छ ।

सरकारले प्राथमिकतामा राखेको अर्को विधेयक हो- नागरिकतासम्बन्धी ऐन संशोधन विधेयक । यो विधेयक यही भदौ १८ गते पारित गर्ने सम्भावित कार्यसूची छ । विधेयकमा आमाको नामबाट समेत नागरिकता जारी गर्न सक्नेलगायतका विषय छन् । स्वघोषणा गरेको खण्डमा आमाको नामबाट वंशजको नागरिकता जारी हुने प्रावधान छ । यसले आमाबाट समेत वंश विस्तार हुने बाटो खोल्नेछ ।

भदौ १८ गते नै प्रतिनिधि सभाबाट राष्ट्रपति कार्यालयबाट फिर्ता भएको संवैधानिक परिषद्सम्बन्धी विधेयकमाथि छलफल गरेर पारित गर्ने सम्भावित कार्यसूची तय भएको छ ।

संघीय निजामती सेवा विधेयक भदौ १९ गते पारित गर्ने कार्यसूची छ । हाल यो विधेयक राष्ट्रिय सभामा दफाबार छलफलमा छ । १५ असार २०८२ मा प्रतिनिधि सभाबाट राष्ट्रिय सभामा


पृष्ठ २ मा



महत्वपूर्ण विधेयकहरू पारित गर्नेगरी संसद् क्यालेन्डर तय भएको छ । संसद् क्यालेन्डरअनुसार नै अगाडि बढ्छ ।

**महेश बर्तौला**
मुख्य सचेतक
नेकपा एमाले

# चिनियाँ नाकामा रोकिए २ हजार कन्टेनर



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १२ भदौ

नेपालमा सामान आयत गर्ने मुख्य नाका तातोपानी र रसुवागढी ढप्प भएका छन् । बाढी पहिरोका कारण चार दिनदेखि तातोपानी नाका पूर्ण रूपमा बन्द भएको छ भने रसुवागढी नाकामा डेढ महिनादेखि सामान रोकिएको हो ।

तातोपानी नाकाको खासा (चिनियाँ) खण्डमा करिब १५ सय कन्टेनर रोकिएका छन् । यसअघिको अवरोधपछि तीन दिन बाटो खुल्दा ६३ वटा कन्टेनर मात्र नेपाल भित्रिएको बताइएको छ । सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-२ स्थित इकोमा (साउन १८ गते) खसेको पहिरोले करिब २ सय ५० मिटर सडक प्रभावित भएको थियो । यसैकारण पूर्ण रूपमा अवरुद्ध भएको यो सडक मर्मतपछि भदौ ५ गते सञ्चालनमा आए पनि भदौ ८ गतेदेखि पुनः अवरुद्ध भएको हो ।

'अहिले कोदारीमा पानी परेपछि सडक बगेको बग्यै गर्छ । दुई-तीन दिन बाटो खोल्ने अवस्था छैन,' नेपाल हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष रामहरि कार्कीले भने । उनका अनुसार कोदारी क्षेत्रमा पहिरोका कारण सडकको झन्डै ५ सय मिटर खण्ड प्रत्यक्ष प्रभावित भएको छ, जसमा २ सय ५० मिटर भाग पूरै बगेको छ । दसैं, तिहार र छठका लागि आयात गरिएका लत्ताकपडा, फलफूल, लसुन-प्याजलगायत दैनिक उपभोग्य वस्तु तथा चाडपर्वमा अत्यधिक खपत हुने सामान अलपत्र परेका छन् । लामो समयदेखि अवरोध सडक खुलाउन सडक विभागका कर्मचारीसँगै व्यवसायी पनि खटिएका छन् ।

देशभरका ७७ वटै जिल्लामा सामान पुऱ्याउनुपर्ने नाका लामो समयसम्म बन्द हुँदा मुलुकलाई नै ठुलो आर्थिक क्षति हुने भएकाले राज्यले यस विषयमा चाँडो पहल गर्नुपर्नेमा व्यवसायीले

पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# विभागबाट अस्वाभाविक अनुगमन बढेको व्यवसायीको गुनासो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ भदौ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अनुगमनका नाममा वैदेशिक रोजगार व्यवसाय सञ्चालनमा अन्योल सिर्जना नगर्न वैदेशिक रोजगार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईको ध्यानाकर्षण गराएको छ ।

वैदेशिक रोजगार व्यवसायीका कार्यालयमा केही समययता अस्वाभाविक रूपमा अनुगमनका गतिविधि बढेको व्यवसायीको गुनासो बढेपछि संघका अध्यक्ष भुवनसिंह गुरुङको नेतृत्वमा संघ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको टोली बिहीबार महानिर्देशक भट्टराईलाई भेट्न ताहाचलस्थित विभाग पुगेको थियो ।

मध्यान्ह दैनिकको प्रश्नको जवाफमा संघका अध्यक्ष गुरुङले चाडपर्वको अवसरमा गलत सन्देश जानेगरी अनुगमन नगर्न महानिर्देशक भट्टराईलाई संघका तर्फबाट ध्यानाकर्षण गराइएको बताए ।

उनले भने, 'विभिन्न खालका समस्याबाट बाहिर निस्केका व्यवसायीले भर्खरै काम सुरु गर्न थालेका छन् । यस्तो अवस्थामा समाजमा गलत सन्देश जाने गरी कामकारबाही नहोस् भन्ने संघको सरोकार हो । महानिर्देशकज्यूसमक्ष त्यही भनाइ राखेका छौं ।'

चाडपर्वका अवसरमा कतिपय व्यक्तिले समेत विभागका कर्मचारीको नक्कली परिचयपत्र बनाएर कार्यालय प्रवेश गर्ने र अनुगमनका नाममा मोलमोलाइ गर्ने गरेको व्यवसायीहरूको भनाइ छ ।

वैदेशिक रोजगार ऐनको दफा ३४ ले विभागलाई ऐन, नियम वा ऐनअन्तर्गत दिइएको निर्देशनको पालना गरे/नगरेको सम्बन्धमा समय-समयमा म्यानपावर कम्पनीको कार्यालयमा अनुगमन तथा निरीक्षण गर्ने अधिकार दिएको छ । अनुगमनका क्रममा विभागले म्यानपावर कम्पनीले राखेको अभिलेख तथा अन्य सम्बन्धित कागजातहरू निरीक्षण गर्न सक्ने व्यवस्था छ ।

म्यानपावर कम्पनीले अनुगमन वा निरीक्षण गर्दाका बखत माग भए बमोजिमको विवरण तथा अभिलेख विभागका कर्मचारीलाई उपलब्ध गराउनु म्यानपावर कम्पनीको कर्तव्य हुने ऐनमा व्यवस्था छ । ऐनको उक्त व्यवस्थाअनुसार विभागले हाल नियमित, छड्के र वैदेशिक रोजगारमा गएको वा जाने प्रक्रियामा रहेका कामदारले दिएको उजुरीका आधारमा आकस्मिक अनुगमन गर्ने गरेको छ ।

विदेशमा रोजगारदाता संस्थाले कामदारसँग गरेको करारको दायित्व पूरा नगरेको वा म्यानपावर कम्पनीले करारमा उल्लिखित सर्त पूरा गराउन आवश्यक र उपयुक्त कारबाही नगरेको सम्बन्धमा कामदारको उजुरी परेमा विभागले त्यस सम्बन्धमा आवश्यक जाँचबुझ गराउने र जाँचबुझबाट सम्बन्धित कामदारलाई स्वदेश फिर्ता गर्न आवश्यक देखिएमा स्वदेश फिर्ता गर्नका लागि चाहिने रकम उपलब्ध गराउनसमेत आदेश दिने गरेको छ ।

विभागले दिएको आदेशबमोजिम रकम उपलब्ध नगराएमा धरौटी रकमबाटै त्यस्तो

पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१३ भदौ २०८२ शुक्रबार
29 August 2025 Friday

# आयातित उपभोग्य वस्तु परीक्षण गरेर उपभोग गर्न दिनेछौं : मन्त्री भण्डारी

**काठमाडौं/मस-** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बाहिरबाट आयात हुने उपभोग्य वस्तु मुलुकभित्रका प्रयोगशालाबाट परीक्षण गरेर मात्रै उपभोक्तालाई दिइने बताएका छन् ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सुदूरपश्चिम प्रदेश सरकारद्वारा आयोजना हुने 'लगानी तथा विकास सम्मेलन'सम्बन्धी बिहीबार अन्तरक्रिया कार्यक्रममा उनले जनस्वास्थ्यलाई प्रतिकूल असर नपरोस् भन्ने उद्देश्यले आयातित उपभोग्य वस्तु परीक्षण गरेर उपभोग गर्न दिइने बताए ।

मन्त्री भण्डारीले भने,'मुलुकभित्र अन्तर ाष्ट्रियस्तरको मापदण्डसहितका उद्योग, कलकारखाना स्थापना गर्नेछौं । यसले नेपालको उद्योगको विकास, नागरिकको जीवनस्तरमा सुधारमा दीर्घकालीन महत्त्व राख्ने छ ।' उनले नेपाली वस्तुको दोस्रो ठूलो निर्यात गन्तव्य संयुक्त राज्य अमेरिका रहेकाले नेपाल व्यापार प्राथमिकता कार्यक्रम (एनटिपिपी)मार्फत ७७ वस्तुका लागि शून्य



भन्सार सुविधामा निर्यात गर्ने तयारी भइरहेको जानकारी दिए ।

नेपालली वस्तुको व्यापारले पछिल्लो समय विश्वबजारमा प्राथमिकता पाइरहेको बताउँदै उनले संघीय सरकारले आमउपभोक्ताको स्वास्थ्य र सुरक्षामा कुनै सम्झौता नगर्ने नीतिमा अघि बढिरहेको बताए । उनले गलैंचा, पश्मिनाजस्ता वस्तु नेपालीका पहिचान भएकाले यस्ता उद्योगको संरक्षण गरी उत्पदान बढाउनेतर्फ सबैले सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिए ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले सुदूरपश्चिममा औद्योगिक विकासका लागि पर्याप्त पूर्वाधार रहेको उल्लेख गर्दै निजी क्षेत्रलाई सङ्कोचबिना लगानी गर्न आग्रह गरे । उनले भने, 'सुदूरपश्चिममा उद्योग स्थापनाका लागि आवश्यक जमिन प्रदेश सरकारले उपलब्ध गराउनेछ । हामी निजी क्षेत्रसँग सहकार्य गरेर प्रदेशको सम्भावनालाई यथार्थमा बदल्न चाहन्छौं, सबैमा सबैको सहयोग जरुरी छ ।'

मुख्यमन्त्री शाहले सुदूरपश्चिममा जलस्रोत, पर्यटन, कृषि, जडीबुटी, खनिजलगायत क्षेत्रमा प्रशस्त सम्भावना रहेको उल्लेख गर्दै त्यहाँको आर्थिक रुपान्तरणका लागि यी क्षेत्रमा तत्काल लगानी आवश्यक रहेको धारणा राखे ।

# गैरआवासीय नेपाली संघ मलेसियाको वरिष्ठ उपाध्यक्षमा लिम्बूको उम्मेदवारी

**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, १२ भदौ

गैरआवासीय नेपाली संघ मलेसियाले २०२५-२०२७ को कार्यकालका लागि नवौं अधिवेशन गर्ने भएको छ। यतिबेला उम्मेदवार हरूले आ-आफ्नो उम्मेदवारी दर्ता गराउन थालेका छन् ।

गैर आवासीय नेपाली संघ मलेसियाको २००३ बाटै साधारण सदस्य हुँदै प्रायजसो सबै विगतका कार्यसमितिहरूमा रहेर काम गर्दै लामो अनुभवले खारिएका रेस्टुरेन्ट व्यवसायी दिल केरुङ लिम्बूले २०२५ - २०२७ कार्यकालका लागि वरिष्ठ उपाध्यक्षमा आफ्नो उम्मेदवारी दर्ता गराका छन्। दुई दशक लामो समय मलेसियामा बिताइसकेका वरिष्ठ उपाध्यक्ष प्रत्यासी दिल केरुङ लिम्बू विभिन्न



संघसंस्थामा आवद्ध भएर काम गरिसकेका छन् ।

उनी संस्थालाई नेतृत्व दिन सक्ने गतिलो सम्भावना बोकेका उम्मेदवार हुन् । मलेसियामा नेपाली श्रमिकहरूका समस्या बुझेका र विभिन्न समय काल खण्डमा समस्याहरू समाधान गर्दै समाजसेवा गर्दै आएका समाजसेवीको रुपमा समेत लिम्बू परिचित छन् । अहिले लिम्बू आदिवासी जनजाति महासंघ मलेसियाको सल्लाहकारको रुपमा काम गरिरहेका छन् ।

# नुवाकोटमा अस्पताल निर्माणका लागि राधिका दासीले भागवत कथा वाचन गर्ने

**अन्जान गुभाजु/मध्यान्ह**
नुवाकोट, १२ भदौ

नुवाकोटको बेलकोटगढी नगरपालिका-७ महादेवफाँटमा सामुदायिक अस्पताल निर्माणका लागि श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ आयोजना गरिने भएको छ ।

स्थानीय भिमेश्वर सामुदायिक संस्थाको आयोजनामा हुने यस महायज्ञमा चर्चित भागवत कथा वाचिका राधिका दासीले कथा वाचन गर्ने कार्यक्रम तय भएको छ । उनले कात्तिक १९ गतेदेखि २५ गतेसम्म कथा प्रस्तुत गर्ने जानकारी सामाजिक



सञ्जालमार्फत दिएकी छन् ।

संस्थाका अध्यक्ष दामोदर नेपालले महादेवफाँटमा सामुदायिक अस्पताल निर्माणलाई सहयोग पुऱ्याउने उद्देश्यले महायज्ञ आयोजना गर्न लागिएको बताए । उनका अनुसार भदौ १५ गते मूल आयोजक समिति गठनका लागि विशेष भेला समेत बोलाइएको छ ।

त्रिदेशीय मार्गका रुपमा परिचित गल्छी-देविघाट सडकखण्डमा पर्ने यस क्षेत्रको अस्पताल निर्माण भएपछि नुवाकोटसँगै धादिङ, रसुवाका विभिन्न भेगका नागरिकले पनि स्वास्थ्य सेवा पाउन सहज हुने अध्यक्ष नेपालले उल्लेख गरे । आयोजक संस्थाले सम्पूर्ण श्रद्धालु भक्तजन, स्थानीयवासी तथा सहयोगी मन भएका नेपालीलाई अस्पताल निर्माणमा सहयोग पुऱ्याउने गरी महायज्ञमा सहभागी हुन आग्रह गरेको छ ।

# सल्यानमा जिप दुर्घटना

**प्रदीप मगर/मध्यान्ह**
सल्यान, १२ भदौ

सल्यानमा जिप दुर्घटना भएको छ। बिहीबार बिहान करिब ११ बजे शारदा नगरपालिका-१२ रेशमज्युलास्थित ग्रामीण सडकखण्डमा जिप दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सल्यानले जानकारी दिएको छ ।

रेशमज्युलाबाट श्रीनगरतर्फ आउँदै गरेको लु १ ज २३६८ नम्बरको जिप अनियन्त्रित भई करिब ५ मिटर तल पल्टिएको थियो । दुर्घटनामा दर्जनौं यात्रु घाइते भएका छन् ।

घाइते हुनेमा शारदा नगरपापालिका १३ का १८ वर्षीय सुमन बस्नेत, सोही ठाउँका ३५ वर्षीया झुपी नेपाली, शारदा नगरपापालिका १२ की २१ वर्षीया सिता रावत, उनकी ७ वर्षीया छोरी डोल्मा रावत, ३४ वर्षीया पार्वती



बुढा, २४ वर्षीया सावित्रा भण्डारी, त्रिवेणी गाउँपालिका २ की २४ वर्षीया निर्मला गिरी, शारदा नगरपापालिका १५ की ८ वर्षीया शिरीसा भण्डारी, २३ वर्षीया दिपा रावत, शारदा नगरपापालिका १२ की २१ वर्षीया जानकी गिरी, शारदा नगरपापालिका १३ का २७ वर्षीय गिराराज गुरु, उनकी छोरी रियाराज गुरु, शारदा नगरपालिका १ की २५ वर्षीया शोभा बुढाथोकी उनका छोरीहरू डिला बुढाथोकी र सुमित्रा बुढाथोकी, २१ वर्षीया समझना थापा र उनकी १८ महिनाकी छोरी समारिका तथा शारदा नगरपापालिका १३ का १६ वर्षीया जीवन नेपाली रहेका छन् ।

दुर्घटनामा घाइते भएका सबैलाई तत्काल श्रीनगरस्थित कर्णाली अस्पतालमा उपचारका लागि पठाइएकोमा दुई जना झुपी नेपाली र पार्वती बुढालाई नेपालगन्ज रिफर गरिएको अस्पतालले जनाएको छ ।

चालक २३ वर्षीय सुरेश बुढाथोकी प्रहरीको नियन्त्रणमा रहेका छन्। घटनास्थलमा इलाका प्रहरी कार्यालय सितलपाटीबाट प्रहरी नायव निरीक्षक नरेशसिंह ठकुरीको कमाण्डमा ट्राफिकसहित ४ जनाको टोली खटिएको थियो ।

# स्थानीय कला र संस्कृतिको संरक्षणमा नगरपालिका तयार : नगरप्रमुख श्रेष्ठ

**सूर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १२ भदौ

सन्धिखर्क नगरपालिका अर्घाखाँचीका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले स्थानीय कला र संस्कृतिको संरक्षणमा सहयोग गर्न नगरपालिका पूर्ण रूपमा तयार रहेको बताएका छन् । भैरव नाच संरक्षण समिति, सन्धिखर्क-१२ डिभर्ना झेडीले आयोजना गरेको भैरव नाच शुभारम्भ कार्यक्रममा सम्बोधन गर्दै उनले कला संस्कृति संरक्षण नभए स्थानीय नागरिकको समृद्धि सम्भव नहुने धारणा राखे । नगरप्रमुख श्रेष्ठले भने, 'विभिन्न जातजाति, धर्म र संस्कृतिमा भरिपूर्ण सन्धिखर्कमा भैरव नाच सुरु हुनु निकै खुशीको कुरा हो । हामी स्थानीय सरकार यसको संरक्षणमा लागि पर्छौं ।'

अर्घाखाँचीमा प्रचलित परम्परागत भैरव (भैरम) नाचको नगरप्रमुख श्रेष्ठले विधिपूर्वक शुभारम्भ गरेका हुन् । नेवार समुदायको पहिचानका रूपमा नाचिने भैरव नाच श्रीकृष्ण जन्माष्टमीको दिन सुरु गरी कात्तिकको औंसीसम्म निरन्तर प्रस्तुत गरिन्छ ।

यो नाच अर्घाखाँचीका नेवार समुदायको मौलिक परम्परा



हो । यसमा काल भैरव मुख्य पात्र मानिन्छन् भने श्वेत भैरव र रातो भैरव सहायक पात्र हुन्छन् । तीनै भैरव आ-आफ्नो भूमिकाअनुसार रङ्गीन खप्पर, कपडा, चौंरी गाईको पुच्छर, मालासहित भगवान्को आकृतिमा सजिन्छन् ।

भैरव नाच सात तालसम्म नाचिन्छ, जहाँ प्रत्येक ताल सामान्यतया २० मिनेट लामो हुन्छ। नाचलाई थप रोचक बनाउन लाठी नाच, घोडा नाच, चरा नाच, लाहुरे-लाहुरेनी नाच, भालु नाच, भुच्याङलगायत हास्यव्यङ्ग्यका विधा मिसाइन्छ । भैरव नाच संरक्षण समिति, सन्धिखर्क नगरपालिका-१२ डिभर्ना झेडीको हट संरक्षणमा रहेको भैरव नाच हटिया बजारबाट शुभारम्भ गरिएको समितिका अभियन्ता बसन्त श्रेष्ठले जानकारी दिए । रातमा मात्र प्रस्तुत गरिने यो नाच हेर्न हजारौं दर्शक उपस्थित भएका छन् । भैरव नाच नेवार समुदायमा मात्र नभई अन्य समुदायमा पनि लोकप्रिय छ । अर्घाखाँचीको भैरव नाच छिमेकी जिल्ला गुल्मी, प्युठान, पाल्पा, कपिलवस्तु, रूपन्देहीलगायत काठमाडौं र भारतको दिल्लीसम्म लोकप्रिय रहेको स्थानीय अगुवा सिवनाथ श्रेष्ठले बताए । विभिन्न सम्पर्क समाजहरूको आयोजनामा बाहिरी जिल्लामा पनि यो नाच प्रदर्शन गर्ने गरिएको स्थानीय मधु श्रेष्ठले बताए ।

अर्घाखाँचीको डिभर्ना, झेडी पटुवाथुम, नुवाकोट लात्तेबाज र नुवाकोट क्षेत्रबाट यो नाच निकालिँदै आएको यसका अभियन्ता राजकुमार श्रेष्ठले बताए । उनका अनुसार युवा पुस्ताको अभावमा नाच विस्तार हुन नसकेको छ । परम्परागत रूपमा प्रदर्शन भइरहे पनि संरक्षण र विस्तारमा चुनौती रहेको स्थानीय बुढापाकाले बताएका छन् । भैरव नाच शुभारम्भ कार्यक्रममा सन्धिखर्क नगरपालिकाका पूर्वनगरप्रमुख कमल प्रसाद भुसाल, नेपाली कांग्रेस अर्घाखाँचीका सभापति केशव श्रेष्ठ, नेकपा एमालेका अध्यक्ष पिताम्बर भुसाललगायतको उपस्थिति रहेको थियो ।

# युवाको उमेर अब १८ देखि ३५ वर्ष




**काठमाडौं/मस-**युवाको उमेर अब १८ देखि ३५ सम्म कायम हुने भएको छ । सरकारले हालै 'राष्ट्रिय युवा नीति- २०८२' स्वीकृत गरेसँगै युवाको उमेर १८-३५ कायम हुने राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले जानकारी दिए ।

यसअघि 'राष्ट्रिय युवा नीति-२०७२' अनुसार युवाको उमेर १६-४० वर्ष रहेको थियो । सरकारले नयाँ युवा नीति जारी गरेको हो । राष्ट्रिय युवा नीतिमा 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूल हुने गरी नेपालको सन्दर्भमा १८ देखि ३५ वर्षको उमेर समूहको जनसंख्यालाई युवा मानिनेछ', भनेर उल्लेख छ ।

२०७८ सालको जनगणना अनुसार नेपालमा १६ देखि ४० वर्ष जनसङ्ख्या ४२.५६ प्रतिशत थियो । परिषद्का कार्यकारी उपाध्यक्ष बस्नेतले अब नयाँ युवा नीति अनुसारको युवाको जनसंख्या निकाल्न आग्रह गरिएको बताए ।

बालबालिकासम्बन्धी ऐनमा बालबालिकाको उमेर १८ सम्म भएको हुनाले १८ वर्षदेखि ३५ उमेर समूहलाई युवामा राखिएको उनको भनाइ छ । संयुक्त राष्ट्रसंघले १५ देखि २४ वर्ष उमेर समूहलाई युवा भनेर परिभाषा गरेको छ। भारतले १५ देखि २४ वर्षको उमेर समूहलाई युवा मान्दै आएको छ ।

परिषद्का उपाध्यक्ष बस्नेतले 'राष्ट्रिय युवा परिषद् ऐन-२०७२' संशोधन नभएसम्म युवाको उमेर कानुनी रुपमा भने १६ देखि ४० वर्ष हुने बताए । 'युवा नीति अनुसार ऐन संशोधन गर्नुपर्दछ,' उनले भने । प्रत्येक पाँच/पाँच वर्षमा युवा नीति परिमार्जन गर्नुपर्ने भएपनि १० वर्षपछि नीति संशोधन गरिएको हो ।

**परीक्षामा...**

बताएका छन् । 'भारत र चीनबीच भएको लिपुलेक क्षेत्रमा व्यासायिक मार्ग प्रयोग गर्ने विषय राष्ट्रियतासँग जोडिएको छ,' उनले मध्यान्हसँग भने, 'हाम्रा प्रधानमन्त्रीले यस विषयमा कूटनीतिक तवरबाटै समस्या समाधान खोज्न आवश्यक संवाद गर्नुपर्छ । त्यस्तो संवादका लागि प्रधानमन्त्रीको चीन भ्रमण उपयुक्त समय हुन सक्छ। उहाँले समकक्षी सी र मोदीसँग नेपालको सीमा सम्बन्धमा बलियो ढंगबाट संवाद गर्न सक्नुपर्छ ।'

चीन भ्रमणको समयमा प्रधानमन्त्री ओलीले यस विषयलाई कत्तिको प्राथमिकता दिन्छन् भन्ने यतिबेला नेपाली राजनीतिमा ठूलो बहसको विषय बनेको छ। करिब सात वर्षअघि भारतले गरेको नाकाबन्दीको समयमा अहिलेका ओलीले लिएको अडान र कालापानी, लिपुलेक र लिम्पियाधुराको भूभाग समेटेर जारी गरेको राजनीतिक प्रशासनिक चुच्चे नक्सामा उनको योगदान रहेको थियो। तर भारत-चीनले त्यही चुच्चे नक्सामा समेटिएको भूमि प्रयोग गरेर व्यापार आदानप्रदानको ट्रान्जिट बनाउने प्रयास गर्नुले नेपालको राष्ट्रियतामाथि प्रश्न उठेको छ। शुक्रबार प्रतिनिधिसभालाई सम्बोधन तयारी गरेका प्रधानमन्त्री ओलीबाट राष्ट्रिताको सन्दर्भमा नेपालको धारणा र प्रधानमन्त्रीको योजना समेटिने आमअपेक्षा छ ।

प्रधानमन्त्रीले एनसिओ प्लस शिखर सम्मेलनलाई सम्बोधन गर्ने र केही देशका नेताहरूसँग भेटवार्तासमेत गर्ने तयारी रहेको परराष्ट्र मन्त्रालय स्रोतको दाबी छ । शनिबार चीन भ्रमणमा निस्कन लागेका प्रधानमन्त्री ओलीले भ्रमणबारे सदनमा जानकारी गराउन लागेका हुन् । गत ४ भदौमा संसदमा प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम राखिए पनि उनी सदन छलेर पार्टीको कार्यक्रममा गएका थिए ।

संसदले बारम्बार प्रधानमन्त्री र मन्त्रीहरूको खोजी गरिरहे पनि उनी संसदमा न्यून देखिँदै आएका छन् । यद्यपि शुक्रबार भने प्रधानमन्त्री ओलीले संसद र बाहिर उठेका सबै विषयमा जवाफ दिँदै आगामी विदेश भ्रमण र सीमा समस्याका विषयमा धारणा राख्ने कार्यक्रम तय भएको संसद् सचिवालयले जनाएको छ ।

पमुख पतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले कालापानी-लिपुलेकलगायतका सीमा समस्या आपसी संवाद र सहमतिका आधारमा समाधान गर्नुपर्ने बताएका छन् । पूर्वप्रधानमन्त्रीसमेत दाहाले विगतमा कालापानी, लिपुलेक, लिम्पियाधुराजस्ता सीमा समस्या समाधानका लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबाट प्रतिबद्धता व्यक्त भएको स्मरण गराए। आफू प्रधानमन्त्री हुँदा भारत भ्रमण क्रममा सीमा समस्या समाधान नगरी छिमेकीसँगको सम्बन्ध सुमधुर हुन नसक्ने कुरा प्रस्ट रूपमा राखेको उल्लेख गरे। उनले भने, 'पछिल्लोपटक प्रधानमन्त्रीका रूपमा भारत भ्रमणका अवसरमा आयोजित 'प्रेस ब्रिफिङ'मा सीमा विवादका विषयमा चर्चा भएको र भारतीय प्रधानमन्त्री मोदीले सिमानाको समस्या जो बाँकी छ, त्यसलाई संवादद्वारा हल गरिन्छ भनेर प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।' अध्यक्ष दाहालले छिमेकी मित्रराष्ट्र भारतसँग संवादको प्रक्रिया थालेर दुई देशबीचको सीमा समस्या हल गर्न सरकारलाई सुझाव दिए । प्रधानमन्त्रीले प्रतिपक्षी दलका नेतालगायत विज्ञहरूको सुझावलाई कसरी लिएका छन् भन्ने कुरा सार्वभौम संसदमा उनको आजकै प्रस्तुतिले निर्धारण गर्ने नेताहरूले बताएका छन् । प्रधानमन्त्रीको भ्रमण दलमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त, संस्कृतिमन्त्री बद्रीप्रसाद पाण्डे, नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार युवराज खतिवडा, एमालेका सांसद छविलाल विश्वकर्मालगायत छन् । उनिहरूले प्रधानमन्त्रीलाई कस्तो सल्लाह दिन्छन् भन्ने कुराले पनि प्रधानमन्त्रीको चीन भ्रमणको सफलताको मापन गर्ने बताइएको छ ।

**प्राथमिकतामा...**

गएको थियो । यो विधेयक राष्ट्रिय सभाले यही भदौ १६ गते प्रतिनिधि सभामा फर्काइसक्नुपर्ने बाध्यकारी व्यवस्था छ । संविधानतः प्रतिनिधि सभाले पास गरेर पठाएको विधेयक राष्ट्रिय सभाले ६० दिनभित्र फिर्ता गरिसक्नुपर्छ । राष्ट्रिय सभाबाट निजामती सेवा विधेयक फिर्ता भएसँगै अगाडि बढाउनेगरी प्रतिनिधि सभाले क्यालेन्डर तय गरेको हो । सरकारले विद्यालय शिक्षा विधेयकलाई समेत प्राथमिकतामा राखेको छ । यही भदौ २६ गते विद्यालय शिक्षा विधेयकलाई पारित गर्ने सम्भावित क्यालेन्डर तय भएको छ ।

सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौला सरकारले प्राथमिकता तय गरेसँगै सोहीअनुसार विधेयक पारित गर्ने तालिका तय गरिएको बताउँछन् । 'महत्वपूर्ण विधेयक पारित गर्नेगरी संसद्को क्यालेन्डर तय भएको छ। संसद् क्यालेन्डरअनुसार नै अगाडि बढ्छ,' बर्तौलाले सभामुखसँगको छलफलपछि पत्रकारहरूसँग भने ।

उनका अनुसार वर्षे अधिवेशन अन्त्य हुने समय नजिकिँदै गर्दा सरकारले महत्वपूर्ण विधेयक पास गर्न लागेको हो । सरकारले नै प्राथमिकता दिएपछि संसद् कानुन निर्माणमा केन्द्रित भएको छ ।

**चिनियाँ...**

जोड दिएका छन् । त्यस्तै, रसुवागढी नाकाअन्तर्गत केरुङमा डेढ महिनादेखि करिब ५ सयवटा कन्टेनर रोकिएका छन् । २४ असारमा लेन्दे खोलामा आएको बाढीले रसुवागढी-चीन जोड्ने मितेरी पुल बगाएपछि यो नाका पूर्ण रूपमा अवरुद्ध छ । त्यसअघि चीनतर्फबाट सामान लोड भएर केरुङ आइपुगेका कन्टेनर रोकिएका हुन्। रसुवागढी नाका खुलाउन अहिले मितेरी पुल भएको स्थानमा चीनले बेलिब्रिज जडान गर्ने तयारी गरेको बताइएको छ ।

**विभागबाट...**

कामदारलाई स्वदेश फिर्ता गराउने अधिकार पनि विभागलाई ऐनले दिएको छ । विभागले यस वर्ष म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्दा नै अनुगमनका लागि छुट्टै फारम भरेर कार्यालय रहेको ठाउँको अनिवार्य गुगल म्यापको कोड लिएको थियो ।

संघको भनाइ सुनेपछि महानिर्देशक भट्टराईले कसैलाई व्यक्तिगत आग्रह पूर्वाग्रहका आधारमा नभई उजुरी वा गुनासो परेको र गुनासोमा छलफल गर्न व्यवसायीले अटेर गरे अनुगमन गरिने बताएको भेटमा सहभागी एक व्यवसायीले जानकारी दिए ।

**अनलाइन खारेज सम्बन्धी १५ दिने सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०५/१३**

सूचना तथा प्रशारण विभागमा दर्ता नं. १४०९/०७५/७६ मितिमा २०७६/०३/२५ मा दर्ता रहेको साहित्य सरोवर मिडिया प्रा.लि.द्वारा सञ्चालित www.entertainmentkhabar.com नामक अनलाईन सञ्चार माध्यमको दर्ता खारेज गरिने हुदाँ यस कम्पनीसँग सम्बन्धित कुनै श्रमजिवी पत्रकारहरुको पारिश्रमिक वा अन्य आर्थिक दायित्व भएमा यो सूचना प्रकाशन भएको मितिबाट १५ दिन भित्र यस कम्पनीको ठेगाना विराटनगर १ पोखरियामा वा सञ्चालक रोशन पोखरेल को मोबाईल न ९८५२०२२९१८ वा इमेल khabarentertainment@gmail.com सम्पर्क गर्नुहुन अनुरोध छ। साथै समयमै उजुरी प्राप्त नभएमा आवश्यक प्रक्रिया अगाडि बढाइने व्याहोरा समेत छ।

**साहित्य सरोवर मिडिया प्रा.लि विराटनगर**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०८/०१ मा दर्ता भएको श्री **उन्नती अनलाइन सपिङ प्रा. लि. (प्रा. लि. नं. २७७१३१)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६४/०१/२५ मा दर्ता भएको श्री **नेचुरल वाटर टेक कन्सल्ट प्रा. लि. (प्रा. लि. नं. ४५७०५)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कतारमा रोजगार**

कम्पनीः WESTPAC FACILITIES MANAGEMENT AND CLEANING AND MAINTENANCE शहरः Doha
पूर्व स्वीकृत मितिः २०८२/०५/१२ चलानी नं.: ६०२४३९४० LT. No.: 330136

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaner | 2 | 2 | स. काममा दक्ष | 1000 | ३८,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः WESTPAC TRADING & REAL ESTATE शहरः Qatar, Doha
पूर्व स्वीकृत मितिः २०८१/०७/२५ चलानी नं.: ६०२२७७८० LT. No.: 313153 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Condition Technician | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Electric Tech | 3 | 0 | | 1200 | ४६०८० | | | | | | |
| 3. | Gen Clean Worker | 2 | 0 | | 1000 | ३८४०० | | | | | | |
| 4. | Labour | 2 | 0 | | 1000 | ३८४०० | | | | | | |
| 5. | Security Guard | 12 | 0 | | 1500 | ५७६०० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २० गते (5 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRATIK HUMAN RESOURCE PVT. LTD.** श्रम इजाजत नं. १५४१/०७८/०७९
Sinamangal - 9, Kathmandu, Nepal -Tel: 977-01-5913092, 9813467879, 9810171570
Email: pratikhumanr@gmail.com, Web.: www.pratikhumanresource.com

**युएईमा रोजगारको अवसर**

कम्पनी : National Corporation for Tourism and Hotels शहरः Abu Dhabi
पूर्व स्वीकृत मितिः २०८२/०५/०५ चलानी नं.: ६०२४३६०० LT. No.: 329737

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT COOK | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,७४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Female Office Girls | 0 | 10 | | 1200 | ४५,७४४ | | | | | | |
| 3. | kitchen helper/steward | 70 | 0 | | 1200 | ४५,७४४ | | | | | | |
| 4. | Office Boys | 30 | 0 | | 1200 | ४५,७४४ | | | | | | |
| 5. | Waiter | 50 | 0 | | 1200 | ४५,७४४ | | | | | | |

**अन्तर्वार्ता होटल सिराइचुली, चितवनमा २०८२ भदौ १७ गते (2 September 2025) मा हुनेछ ।**

कम्पनी : National Corporation for Tourism and Hotels शहरः Abu Dhabi
पूर्व स्वीकृत मितिः २०८२/०५/११ चलानी नं.: ६०२४३८४४ LT. No.: 329739

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Camp Boss | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७६,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Chappati Makers | 15 | 0 | | 1200 | ४५,७४४ | | | | | | |
| 3. | House Keeping | 150 | 0 | | 1000 | ३८,१२० | | | | | | |
| 4. | Laundry and Iron Man | 10 | 0 | | 1000 | ३८,१२० | | | | | | |
| 5. | Waitresses | 0 | 17 | | 1200 | ४५,७४४ | | | | | | |

**अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, सुनसरीमा २०८२ भदौ १६ गते (1 September 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता के.बि.आर. होटल, झापामा २०८२ भदौ १६ गते (1 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामको विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ROYAL AND PARTNERS SERVICES PVT. LTD.**
श्रम इजाजत पत्र नं. १५८१/०७९/०८०
Tokha -10, Kathmandu, Nepal | Phone no.: 01-5914938
Mobile: 9823401265 | 9851327446
Email : info@rpmanpower.com | Web. : www.rpmanpower.com

# ‘दलाल पुँजीवाद अन्त्यका लागि वामपन्थी एकता अपरिहार्य’

**उषा किरण पन्थ/मध्यान्ह**
बुटवल, १२ भदौ

दलाल पूँजीवाद र व्यापक भ्रष्टाचार अन्त्यका लागि वामपन्थी शक्तिहरूबीच एकता र पुनर्गठन अपरिहार्य रहेको वाम नेताहरूले बताएका छन् ।

शहीद तथा बेपत्ता स्मृति प्रतिष्ठान नेपालद्वारा बुटवलमा आयोजित ‘वर्तमान राजनीतिक संकट र निकास’विषयक अन्तरक्रियामा नेपाल कम्युनिष्ट पार्टी (विप्लव) का महासचिव नेत्रविक्रम चन्द, नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भुसाल र नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले वर्तमान संकटको मूल कारणनै दलाल पूँजीवादी संरचना र




राज्य संयन्त्रमा व्याप्त भ्रष्टाचार भएको धारणा राखे ।

महासचिव चन्द(विप्लव)ले राजनीतिक नेतृत्व कमजोर हुँदा कर्मचारीतन्त्र हावी भएको र भ्रष्टाचार संस्थागत बनेको आरोप लगाए । उनले भिजिट भिसा प्रकरणदेखि विमानस्थलमा हुने दैनिक घुसकाण्डसम्मका उदाहरण दिँदै मुलुकलाई दलालहरूले चुसिरहेको बताए । उनका अनुसार अहिलेको छलफल कुनै व्यक्तिको महत्वाकांक्षा नभइ श्रमिक जनताको चाहना हो ।

त्यसैगरी महासचिव भुसालले ‘घुस नखाने नेताको कम्युनिष्ट पार्टी’निर्माण आवश्यक भएको बताए । उनका अनुसार संविधान र व्यवस्था बदले पनि दलहरूको संरचना र प्रवृत्ति नबदलिएसम्म दलाल पूँजीवादको जालोबाट देश मुक्त हुन सक्दैन । उनले वर्तमान राजनीतिक अवस्थालाई ‘सर्पले काँचुली फेर्ने संक्रमण’सँग तुलना गर्दै वाम शक्तिहरूबीच ध्रुवीकरणबाट मात्र नयाँ इतिहास लेखिन सक्नेमा जोड दिए ।

माओवादी केन्द्रका उपमहासचिव शर्मा दलहरूले लोकतन्त्रलाई व्यवहारमा नउतारेको, बेरोजगारी, गरिबी र सुशासनका सवालमा स्पष्ट खाका प्रस्तुत गर्न नसकेको आरोप लगाए । उनले लोकतन्त्र जनतामुखी बन्न नसकी दलाल पूँजीवाद र भ्रष्टहरूको हातमा परेको दाबी गर्दै वाम शक्तिहरूबीच एकता र पुनर्गठन अपरिहार्य भएको निष्कर्ष प्रस्तुत गरे ।

कार्यक्रममा रुपन्देहीका वामपन्थी नेता तथा कार्यकर्ताको उल्लेख्य उपस्थिति रहेको थियो । सहभागी नेताहरूले वाम आन्दोलनलाई जनतामुखी बनाउन, भ्रष्टाचारविरुद्ध कठोर अभियान सञ्चालन गर्न र संविधानले देखाएको समाजवादको बाटोमा अघि बढ्न वाम एकता अपरिहार्य रहेकोमा जोड दिएका थिए ।

# कृष्णनगर नाकामा प्रहरीकै संरक्षणमा तस्करीको आरोप




**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १२ भदौ

कपिलवस्तुको कृष्णनगर सीमा क्षेत्रमा प्रहरीकै संलग्नतामा तस्करी हुने गरेको आरोप लाग्ने गरेको छ। इलाका प्रहरी कार्यालय कृष्णनगर अन्तर्गत बेदर्मी प्रहरी चौकीमा दरबन्दी भएपनि सहायक हवलदार (घुमुवा) भगत चौधरीको इशारामा दैनिक रूपमा कपडा, हार्डवेयर, मोटर पार्ट्ससहितका विभिन्न सामानहरूको तस्करी हुने गरेको आरोप लागेको हो । स्थानीयका अनुसार यसरी हुने तस्करीका कारण करोडौं रुपैयाँ बराबरको राजस्व चुहावट भइरहेको छ ।

स्थानीय स्रोतका अनुसार सहायक हवलदार चौधरी ड्युटीमा उपस्थित नभइ मोटरसाइकलमै तस्करीका सामान भित्र्याउनेमा सक्रिय रहन्छन् । कुशहवा बढनी बोर्डरदेखि ठकुरापुर बोर्डरसम्म दैनिक अनिवार्य पुग्ने गरेको र सुरक्षाकर्मीहरूको आँखा छलेर तस्करी सजिलै हुने गरेको बताइएको छ ।

जिल्लाभर घुमुवा परिचालन गर्ने नाममा प्रहरी प्रशासनकै प्रत्यक्ष संलग्नता रहेको र यसमा जिल्ला प्रहरी कार्यालय तौलिहवाका प्रमुखको समेत महत्वपूर्ण भूमिका रहेको आरोप स्थानीयहरूले लगाएका छन् । कृष्णनगर बजार, लक्ष्मीनगर, सिर्सिहवा, हथियागढसहितका नाकाहरू तस्करीका मुख्य मार्ग बनेका छन् ।

### व्यापारीसँग मासिक असुली

स्थानीय व्यापारीहरूसँग मासिक दरमा रकम असुली गर्ने र सो रकम प्रहरी अधिकारीसम्म पुऱ्याइने प्रणाली लामो समयदेखि चल्दै आएको खुलेको छ। स्रोतका अनुसार दर्जनौं व्यापारीहरूबाट महिनैपिच्छे रकम असुली हुने गरेको छ । संकलित हुने रकम प्रहरी घुमुवा भगत चौधरीमार्फत उच्च अधिकारीसम्म पुग्ने गरेको स्थानीयको आरोप छ ।

# मधेशमा तस्करी : प्रहरीभित्रै शुद्धीकरण अभियान सुरु



**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, १२ भदौ

मधेश प्रदेशमा शान्ति, सुरक्षा र अपराध नियन्त्रणको जिम्मा पाएका प्रहरीकै छवि लगातार विवादमा आउन थालेपछि प्रहरीले आन्तरिक कारबाहीको शृंखला अघि बढाएको छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी र ट्राफिक प्रहरीभित्रै पछिल्ला दिनमा कडा कारबाही गर्न सुरु गरिएको छ ।

भदौ ११ गते मात्रै सशस्त्र प्रहरी रौतहटका प्रमुख प्रहरी उपरीक्षक (एसपी) सन्तोष बस्नेत र सशस्त्र बेस क्याम्प सन्तपुरका डिएसपी राजेन्द्र बस्नेतलाई सोधपुछका लागि हेडक्वाटरमा बोलाइएको थियो । रौतहटको गरुडास्थित एक गोदाममा छापा मार्दा बरामद भएको सामानको भन्दा थोरै मात्र भन्सारमा बुझाइएको घटना बाहिरिएपछि उनीहरूलाई कारबाहीको दायरामा ल्याइएको हो ।

यसअघि नै बर्दिवासस्थित सशस्त्र प्रहरी २ नम्बर बाहिनी कार्यालयले सुरु गरेको छानबिन प्रक्रियामा डिएसपी अमर लामालाई हेडक्वाटर तानिएको थियो । सोही प्रकरणमा संलग्न १७ जना सशस्त्र प्रहरी कर्मचारीलाई फिर्ता पठाइएको र दुधियाभार प्रहरी निरीक्षकलगायतलाई नसिहत कारबाही गरिएको थियो ।

प्रहरी उपरीक्षक बस्नेत हेडक्वाटर तानिएकै दिन बिओपी गौर भन्सारका प्रहरी नायब उपरीक्षक गान्डीवराज स्याङ्तान नेतृत्वको टोलीले गौरस्थित गोदाममा छापा मारेको थियो, तर गोदाम सिल गरिएको भन्दै तत्काल प्रतिक्रिया नदिए पनि उद्योग वाणिज्य संघ रौतहटले सशस्त्र प्रहरीले व्यापारीलाई दुःख दिएको आरोप लगाएको थियो ।

### ट्राफिक प्रहरीमाथि पनि छानबिन

भदौ १० गते मधेश प्रदेश राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पथलैया (बारा)का प्रमुख एसपी राजकुमार सिलवालमाथि उजुरी परेपछि पाँचवटा छानबिन समिति गठन गरिएको छ। सिलवालमाथि मदिरा सेवन गरेर सवारी चलाउनेलाई जरिवाना नगरी रकम असुल्ने, गाडी रोक्दै अनावश्यक दुःख दिने, चोरीका गाडी भन्सारमा नबुझाइ आफैं प्रयोग गर्ने जस्ता गम्भीर आरोप लागेको छ ।

### सेटिङको भिडियो सार्वजनिक

रौतहटको चिनी छापा मारिएको घटना तातिरहेको बेला सर्लाहीमा सशस्त्र प्रहरीको संलग्नतामा तस्करबाट नगद रकम लिएको भिडियो सार्वजनिक भएको छ । सखुअवा बोर्डर आउट पोस्ट (बीओपी) मा कार्यरत प्रहरी अधिकारीहरू भारतीय तस्करसँग ‘सेटिङ’ मिलाउँदै पैसा लिएको दृश्य भिडियोमा स्पष्ट देखिएको छ ।

यसअघि पनि सर्लाहीकै इलाका प्रहरी कार्यालय हिरापुरका डिएसपी वैधनाथ दासले तस्करसँग १८ हजार रुपैयाँ माग गरेको अडियो सार्वजनिक भएपछि उनलाई निलम्बन गरिएको थियो । त्यस्तै ब्रह्मपुरी चौकीका असइ मनोज यादवको एक महिला तस्करसँग ‘सेटिङ’ गरेको अडियो सार्वजनिक भएपछि उनलाई पनि कारबाही गरिएको थियो ।

गत चैतमा हरिवन इलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक किशोर तामाङले ठुलो मात्रामा लागुऔषध बरामद गर्दा संख्यामा हेरफेर गरेको आरोप लागेपछि उनलाई धनकुटा सरुवा गरिएको थियो ।

### घुमुवाको बदनाम भूमिका

मधेशमा अपराध नियन्त्रण र गोप्य सूचना संकलनका नाममा खटाइने ‘घुमुवा’ सधैं विवादमा रहँदै आएका छन् । तस्करसँग नजिक भएर तस्करी सजिलो बनाउन सहयोग गर्ने उनीहरूको भूमिका चर्चामा रहने गरेको छ । गृह मन्त्रालयले घुमुवा परिचालन नगर्ने निर्णय गरिसके पनि मधेश प्रदेशमा अझै पनि ‘घुमुवा आतंक’ कायमै रहेको बताइन्छ ।

मधेश प्रहरी कार्यालय जनकपुरका प्रमुख उमाप्रसाद चतुर्वेदीका अनुसार पछिल्लो समय एक सय भन्दा बढी प्रहरीमाथि कारबाही गरिएको छ । उनीहरूलाई जिम्मेवारी खोस्ने, निलम्बन गर्ने र सरुवा गर्ने जस्ता कदम उठाइएको छ ।

# ऋषिपञ्चमीमा काठमाडौं र रौतहटमा वृक्षारोपण



**काठमाडौं/मस**– ‘जन्मदिनलाई सतकर्ममा जोडौं’ अभियान अन्तर्गत ऋषिपञ्चमीको विशेष दिनमा काठमाडौं र रौतहटमा एकैसाथ वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय ख्यातिप्राप्त वाचिका राधिका दासी माता र नेपाल सरकारका पूर्वसचिव एवं सेवाभावका धनी व्यक्तित्व भीम उपाध्यायले काठमाडौंको पशुपतिनाथ भण्डारखालमा रुद्राक्ष र पिपलसहित सयौं बिरुवा रोपेर अभियानलाई एक्यबद्धता जनाएका छन् ।

यसैदिन रौतहटमा पनि अभियानलाई समर्थन गर्दै महेश श्रेष्ठसहितका स्थानीय महिलाहरूले पञ्चमीको अवसरमा वृक्षारोपण गरेका छन् । तराई विकास तथा सञ्चार केन्द्र नेपालले आयोजना गरेको कार्यक्रममा विभिन्न संस्थाका अध्यक्ष, सामाजिक व्यक्तित्व तथा अभियानमा संलग्न कार्यकर्ताहरूको उपस्थिति थियो ।

काठमाडौंमा भएको वृक्षारोपण कार्यक्रममा सहभागी दासी र उपाध्यायले अब प्रत्येक वडामा फूलसहितका आकर्षक बगैंचा बनाउनुपर्ने आवश्यकता औंल्याए । खर्चिलो र भड्किलो जन्मोत्सव मनाउने प्रवृत्तिलाई न्यूनीकरण गर्दै सेवा भाव र वातावरणीय सन्तुलनमा जोड दिने महत्वपूर्ण योगदान बन्नेमा उनीहरूको विश्वास छ । सेवाभावलाई गौरवका साथ जिम्मेवारीमा परिणत गर्ने अभियान बन्नुपर्नेमा उनीहरूले जोड थियो ।

कार्यक्रमका संयोजक गोबिन्दप्रसाद चौलागाईंले राष्ट्रिय संयोजकको हैसियतमा दासी र उपाध्यायलाई धन्यवाद व्यक्त गर्दै यस अभियानले राष्ट्रिय रूपमै नभइ अन्तर्राष्ट्रिय स्तरमा समेत सन्देश दिन सफल भएको बताए । रौतहटको चन्द्रपुर-९ सिन्दुरेघारी, चादिखोला किनारमा निर्माणाधीन नेपालकै पहिलो जन्मोत्सव पार्कमा महेश श्रेष्ठसहितका समूहले पनि जन्मोत्सवलाई वृक्षारोपणमार्फत मनाएका थिए ।

नेपाल सरकारका मुख्यसचिवदेखि सर्वोच्च अदालतका रजिष्ट्रार, पूर्वप्रधानमन्त्री, वरिष्ठ कलाकार, सम्पादकदेखि प्रहरी महानिरीक्षकद्वयसम्म यस अभियानमा जोडिइसकेका छन् । अन्तर्राष्ट्रिय वाचिका देवी प्रतिभासहित विभिन्न व्यक्तित्वहरूले पनि यसअघि वृक्षारोपण गरिसकेका छन् । भारी वर्षासहितको प्रतिकूल मौसमलाई पर्वाह नगरी काठमाडौं र रौतहटमा रुद्राक्ष, पिपल, चन्दनलगायत सयौं वृक्ष रोपिएको संयोजक चौलागाईंले बताए । वरिष्ठ गायक स्थानेश्वर गौतमले समेत रौतहटमा पुगेर वृक्ष रोपेको जानकारी दिँदै अभियानलाई धन्यवाद प्रकट गरेका छन् ।

चौलागाईंका अनुसार यो अभियानको सुरुवात रौतहटबाट भएको हो र अहिलेसम्म १७ जिल्लामा नौ हजारभन्दा बढी वृक्ष रोपण भइसकेको छ । उनले अहिलेसम्म कुनै संस्थागत वा व्यक्तिगत सहयोग नलिएको र अभियान आफ्नै सामूहिक प्रतिबद्धतामा अघि बढेको जानकारी दिए ।

## उद्धार शान्ती केन्द्र, नेपालको दोश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री आदरणीय सदस्यज्यूहरु,

यस उद्धार शान्ती केन्द्र नेपालको मिति २०८२/०५/०८ मा बसेको कार्य समितिको बैठकको निर्णयानुसार यस संस्थाको विधानको धारा ११(२)(क) बमोजिम दोश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बसी तपसिलमा उल्लेखित विषयहरु उपर छलफल गरी निर्णय पारीत गर्नु पर्ने भएको हुँदा यस संस्थामा आवद्ध रहनु भएका सम्पूर्ण सदस्यज्यूहरु संस्थाको गरीमामय सभामा उपस्थिति जनाई छलफलमा सहभागी भई दिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान:**
मिति: २०८२ साल आश्विन ३ गते शुक्रबार ।
समय: विहान ११:०० बजे
स्थान: अनुपम फूडल्याण्ड एण्ड ब्याङ्केट (Anupam Foodland & Banquet)

**सभामा छलफल गरिने विषयहरु:**

१. संस्थाको कार्यसमितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.व. २०८१/०८२ को लेखापरीक्षकद्धारा तयार वार्षिक लेखापरीक्षण प्रतिवेदन छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
३. संस्थाको विभिन्न शाखाहरुबाट प्राप्त प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने सम्बन्धमा ।
४. चालु आर्थिक वर्ष २०८२/०८३ को लागि संस्थाको लेखापरीक्षण गर्न लेखापरीक्षक नियूक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
५. संस्थाको विधानको धारा १३(१) बमोजिम गठन भएको कार्यसमितिको कार्यकाल विधानको धारा १३(२) बमोजिम २ वर्ष पुरा भएको हुँदा विधानको धारा २३ बमोजिम नयाँ कार्यसमितिको निर्वाचन वा सर्व सम्मत कार्यसमिति चयन गर्ने सम्बन्धमा ।
६. संस्थाको विधानको धारा ४ अन्तर्गत रहेको संस्थाको उद्देश्य महलमा (ड) पछि (ढ) थप गरी (ढ) मा कुनै व्यक्ति वा संस्थाको तर्फबाट प्रचलित कानूनको अधिनमा रही स्वेच्छाले दान वा वकस गरी यस संस्थालाई कुनै चल अचल (जग्गा जमीन) लगायतका सम्पत्ति हस्तान्तरण गरेमा उक्त सम्पत्ति कानुन बमोजिम संस्थाको नाममा दर्ता गरी भोगचलन गर्ने व्यहोरा उद्देश्य महलमा थप गर्ने सम्बन्धमा ।
७. विशेष प्रस्ताव: संस्थाको नामबाट युटुब च्यानल सञ्चालन गर्नका लागि संस्थाको स्वीकृत विधानको उद्देश्य महल (४) मा रहेको (ड) (ढ) थप गर्ने ।
८. विविध

केन्द्रिय कार्य समिति

HIMALAYAN LIFE
प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. [illegible]

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI2250000035 | JANAMAT GURUNG | BELBARI-2 MORANG |
| २ | PLI2250000032 | NIRMALA GURUNG | BELBARI-2 MORANG |
| ३ | PLI1710009046 | JHABINDRA PRASAD ADHIKARI | KIRTIPUR-04 KATHMANDU |

## श्री गोलादेउ सा.व.उ.स. गोदावरी -६ र ७, कैलालीको काठ लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/५/१३**

जिल्ला कैलाली, गोदावरी ६ र ७ मा यस सा.व.उ.स.को वन क्षेत्रबाट संकलन भएर उत्पादन भई सामुदायिक वन उपभोक्ता समूहमा घाटगद्दी गरी राखिएको साल थान ५२ को ५०२.७१ घ.फि., अस्ना थान १४ को २०३.३७ घ.फि., बर्रो थान १२ को १८७.९२ घ.फि. र खयर थान ६० को ४५९.९३ घ.फि. काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना पहिलोपटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स.को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

## साइप्रसमा रोजगार

कम्पनी: PRIVATE EMPLOYMENT AGENCY ( KOSTAKIS KONSTANIOU) शहर: LIMASSOL
पूर्व स्वीकृत मिति:२०८२/०५/१२ चलानी नं.: ६०२४३९११ LT. No.: 330081

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ६४,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: PRIVATE EMPLOYMENT AGENCY ( KOSTAKIS KONSTANIOU) शहर: LIMASSOL
पूर्व स्वीकृत मिति:२०८२/०५/१२ चलानी नं.: ६०२४३९१२ LT. No.: 330082

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ६४,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: CONSTANTINA ELENA PIRILLOU-LIC NO 363 शहर: NICOSIA
पूर्व स्वीकृत मिति:२०८२/०५/१२ चलानी नं.: ६०२४३९१० LT. No.: 330083

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 15 | 5 | सम्बन्धित काममा दक्ष | 800 | १,२५,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Welder | 5 | 0 | | 800 | १,२५,७३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २० गते (5 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Sundar Nepal Overseas Pvt. Ltd.** Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel. 01- 4578460.
Mo.: 9860480301, 9851170602, 9841566228, Email: Sundarnpo@gmail.com

## मलेसियामा रोजगार

कम्पनी: SWACK SECURITY SERVICES SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०२/०८ चलानी नं.: ६०२३८२७९ LT. No.: 324338 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 159 | 0 | स. काममा दक्ष | 1700 | ५६,२०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २० गते (5 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**TILICHO OVERSEASE PVT.LTD.** Gov. Lic No. 1234/074/075
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9851097971
Email : tilichooverseas@gmail.com

## युएईमा रोजगार

कम्पनी : KAKARAYAN CARPENTARY & FLOORING CONTRACTING L.L.C S.O.C शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०५/१२ चलानी नं.: ६०२४३९५९ L.T. No.: 330091

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Carpenter Assist | 2 | 0 | | 1500 | ५७,१८० | | | | | | | |
| 3. | Stone Mason | 2 | 0 | | 1500 | ५७,१८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २० गते (5 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**R.K.Manpower Group Pvt.Ltd.**
श्रम इजाजत पत्र नं.: ७७५/०६५/०६६
रातोपुल, गौशाला, काठमाडौं, नेपाल, फोन: ०१४४७९७३०, फ्याक्स: ४४६०८६२
Email: rkgroup08@gmail.com, rkgroup08@hotmail.com

# Birendranagar Municipality
# Office of the Municipal Executive

**Birendranagar, Surkhet**
**Karnali Province, Nepal**

## INVITATION FOR BIDS

**(First Date of publication: - 2082.05.13 B.S.)**

1. **Birendranagar Municipality** Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the **Birendranagar Municipality, Birendranagar Surkhet** Phone No: 9858063111& PPMO website.

| S. N. | Contract No. | Name Of Work | Bid document fee (non-refundable) | Estimated Amount (Excluding VAT & PS) | Bid Security Amount | Last Date of Submission | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/ BM/W/082/083/02 | Upgrading of Land Fill Site Pahuch Marga Birendranagar 01, Surkhet | NRs. 3,000/- | NRs. 1,28,43,968.16 | NRs. 3,25,000.00 | 2082.06.12, 12:00 Hr. | 2082.06.12, 12:30 Hr. |
| 2 | NCB/ BM/W/082/083/03 | Upgrading of Gagretal Pipira Road, Birendranagar 11, Surkhet | NRs. 3,000/- | NRs. 1,25,08,665.83 | NRs. 3,17,000.00 | 2082.06.12, 12:00 Hr. | 2082.06.12, 12:30 Hr. |

**Chief Administrative Officer**

## सम्पादकीय

# सरकारले संविधान मानोस्

सरकारले संसदमा रहेका महत्वपूर्ण विधेयक अगाडि बढाउनेगरी प्राथमिकता तय गरेको छ । सत्तारूढ एमाले र कांग्रेसको आग्रहबमोजिम प्रतिनिधि सभाले भदौ महिनाको क्यालेन्डर तयार पारेको छ । जसमा संविधान कार्यान्वयनसँग जोडिएका महत्वपूर्ण विधेयकहरू कुन दिन पास गर्ने भनेरै किटान गरिएको छ । जसअनुसार संघीय निजामती सेवा विधेयक यही भदौ १९ गते संघीय संसदबाट पारित गरिनेछ । नयाँ निजामती ऐन बनेर कार्यान्वयनमा आएसँगै प्रशासनिक संघीयता औपचारिक रूपमा कार्यान्वयनमा आउनेछ । २०७२ सालमा जारी भएको संविधानअनुसार २०७४ सालमा चुनाव भएसँगै राजनीतिक संघीयता लागू भएको थियो । १० वर्षपछि प्रशासनिक संघीयता लागू हुने वातावरण बनेको छ । सुरक्षा निकाय त केन्द्रीकृत छँदै छ ।

प्रशासनिक संघीयता लागू गर्दै गर्दा विद्यालय शिक्षा विधेयक ऐनमा रूपान्तरित हुने गरी अगाडि बढेको छ । सभामुख र पाँच राजनीतिक दलका प्रमुख सचेतक र सचेतकहरूको बैठकले यही भदौ २६ गते विद्यालय शिक्षा विधेयकलाई प्रतिनिधि सभाबाट पारित गर्ने तय गरेका छन् । यस विधेयकले शिक्षामा तीन तहको सरकारको अधिकार क्षेत्र र समन्वयको पक्ष छुट्याएको छ । विधेयकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा शिक्षाको अधिकार तीन तहको सरकारमा विकेन्द्रीकरण मात्रै गर्ने छैन, तीनवटै तहको सरकारले कस्तो शिक्षा नीति अवलम्बन गर्ने भनेर भूगोल र क्षमताअनुसारको प्राथमिकता निर्धारण गर्न सक्नेछ । आमाको नामबाट नागरिकता जारी हुन सक्ने र आमाले पनि वंशको मान्यता पाउनेगरी अगाडि बढेको विधेयकले पनि कानुन निर्माणको प्रक्रिया पूरा गर्दै छ । प्रतिनिधि सभाले तय गरेको क्यालेन्डरअनुसार यही भदौ १८ गते प्रतिनिधिसभाले आमाको नाममा वंश विस्तार हुनेगरी बन्न लागेको नागरिकतासम्बन्धी विधेयक पारित गर्दै छ । यो पनि संविधान कार्यान्वयनको एक महत्वपूर्ण पक्ष हो ।

कानुन निर्माणलाई प्राथमिकता दिइरहँदा संविधानको मर्म, लोकतान्त्रिक विधि र प्रक्रिया कति अवलम्बन गरियो भन्ने पक्ष पनि महत्वपूर्ण छ । नागरिकको हित केन्द्रित ऐन बने कि बनेनन् भन्ने विषयले नेपालको भविष्य निर्धारण गर्नेछ । घरजग्गा व्यवसायीलाई हदबन्दी छुटमा जग्गा दिएर घर बनाउन लगाएर बेच्न दिने, संवैधानिक परिषद्जस्तो निकायलाई राजनीतिक दाउपेचको सिकार बनाउने नियतका साथ अगाडि बढेका विधेयक पनि सरकारको प्राथमिकतामा छन् । निजामती ऐन बनाउँदा प्रदेशलाई संघीय सरकारले विश्वास गरेको अनुभूत नहुने र विद्यालय शिक्षा ऐन बनाउँदा अधिक अधिकार संघमै राख्ने प्रयासले संविधानको मर्ममाथि प्रहार गर्दै छ । त्यसकारण सरकार समयमै सच्चिनुपर्छ । संविधानअनुकूल कानुन बन्नुपर्छ ।

# श्रम स्वीकृतिका प्रावधानमाथिको प्रश्न

*नेपालबाट वैधानिक तरिकाबाट वैदेशिक रोजगारमा जानेहरूको तुलनामा अवैध तरिकाबाट जानेको संख्या पनि सानो छैन । जसबारे सरकार पनि अनविज्ञ छैन...*

अग्रलेख



● ख्याम नारायण मानन्धर

नेपालबाट श्रमिकहरूका नाममा, अध्ययन र भिजिटका नाममा बर्सेनि लाखौं जनशक्ति, विशेषतः युवा शक्ति, बौद्धिक शक्ति र दक्ष शक्तिहरूको विदेश पलायन तीव्र दरमा बढ्दो छ । यो तथ्य वैदेशिक रोजगार विभागले हरेक वर्ष प्रकाशित गर्ने वैदेशिक रोजगारमा जाने श्रम स्वीकृतिका तथ्यांकहरूलाई आधार मान्दा पनि स्पष्ट हुन्छ । गत आव २०८१/८२ मा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएका श्रमिकहरूको संख्या ८ लाख ३९ हजार २ सय ६६ जना रहेको देखिन्छ । यो वैदेशिक रोजगारको इतिहासमै उच्च रेकर्ड हो । यद्यपि भिजिट भिसा र अध्ययनका लागि बिदेसिने नागरिकहरूको विवरण भने विभागले समावेश गरेको छैन ।

नेपालबाट वैधानिक तरिकाबाट वैदेशिक रोजगारमा जानेहरूको तुलनामा अवैध तरिकाबाट वैदेशिक रोजगारमा जानेको संख्या पनि सानो छैन । जसबारे सरकार पनि अनविज्ञ छैन । तर पनि देशको नागरिकको हैसियतले रोजगारी अवसरको खोजीमा दलालहरूको प्रलोभनमा परेर वा राज्यको झन्झटिलो श्रम स्वीकृति प्रक्रिया ठानेर जोखिम मोलेर पनि वैदेशिक रोजगारमा जानेहरू धेरै छन् । भारतको बाटो भएर जान्छन् वा चलनचल्तीको भाषामा 'एयरपोर्ट सेटिङ' मिलाएर भिजिट भिसामा जान्छन् ।

श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारमा जाने श्रमिकहरू गत वर्ष संस्थागत रूपमा अर्थात इजाजतप्राप्त संस्थामार्फत ३ लाख ५९ हजार ६ सय ७५ जना (जुन कुल रोजगारीको ४२ दशमलव ८५ प्रतिशत) थिए । यसैगरी व्यक्तिगत तवरले १ लाख ३३ हजार ६ सय १७ जना (१५ दशमलव ९२ प्रतिशत), पुनः श्रम स्वीकृति लिएका ३ लाख ३३ हजार ३ सय ९ जना (३९ दशमलव ७१ प्रतिशत), जिटुजी १२ हजार ६ सय ५३ जना (१ दशमलव ५० प्रतिशत) रहेका छन् । उल्लेखित प्रक्रियाबाट वैदेशिक रोजगारमा जानेभन्दा फरक माध्यमबाट रोजगारीमा गएकाहरूको रेकर्ड सरकारसँग हुँदैन । इजरायल-हमास युद्धमा मारिएका वा बन्धक बनाइएका विपिन जोशीहरू श्रम स्वीकृति लिएर गएका थिए वा थिएनन् भन्नेबारे राज्यले स्पष्ट पारेको छैन । तर युक्रेन र रसियन सेनामा भर्ती भएकाहरू भने श्रम स्वीकृति, व्यक्तिगत वा भिजिट/ट्रेनिङ/इन्टर्न भिसामा गएका थिए जसका कारण सरकार जिम्मेवार देखिएन ।

श्रम स्वीकृति भनेको नेपाल सरकारले देशका युवाहरूबाट फरकफरक विधिमा रकम संकलन गरेर कानुनी रूपमा तोकिएको अवस्थामा, नियमानुसार अख्तियार प्राप्त व्यक्तिहरूलाई क्षतिपूर्ति दिने वा अन्य तोकिएको काम गर्न राखिने रेकर्डको कागजी मान्यता हो । धेरैको बुझाइमा श्रम स्वीकृति भनेको विदेशमा काम गर्न जाने अनुमति भनेर परिभाषित छ तर विदेशमा काम गर्न दिइने अनुमति सम्बन्धित देशले दिने भिसा हो । सोही भिसालाई प्रमाणीकरण गरी कानुनी मान्यता श्रम स्वीकृतिले प्रदान गर्दछ ।

श्रम स्वीकृतिमा मूल्य र मान्यताका आधारमा श्रमिकहरूसँग राज्यले वैदेशिक रोजगार बिमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोषका नाममा रकम संकलन गर्छ । जुन समय अवधि र उमेर हदका आधारमा फरक-फरक हुन्छ । यस्ता फरक-फरक शीर्षकमा संकलन हुने रकमहरूको शाब्दिक उपयोगिता र सरोकार पक्षले पाउने क्षतिपूर्तिको विषय भने प्रश्नमा छ । वैदेशिक रोजगार बिमा, जुन राज्यको निजी क्षेत्रका बिमा व्यवसायीहरूले सरकारको स्वीकृतिमा दिने भनिएको छ, त्यसले मृत्युबापत र शव ल्याउन, अंगभंग भएबापत उपचार खर्च, मुख्य व्यक्तिका हकमा दिइने रकम वा गम्भीर बिरामी भएर फर्किएबापतको क्षतिपूर्ति अधिकतम २० लाख रुपैयाँसम्मको हुन्छ । यसैगरी, अधिकतम १० लाख रुपैयाँसम्म दिने भनिएको कल्याणकारी कोष, जुन वैदेशिक रोजगार बोर्डको मातहतमा हुन्छ, यसले पनि बिमाको सेवा सुविधा,



अतिरिक्त विदेशमा सम्भावित कानुनी प्रतिरक्षा, समस्यामा परेकालाई उद्धार, स्वदेश फिर्ता, शव व्यवस्थापन, एम्बुलेन्स सुविधा, मृतकका अख्तियार प्राप्त व्यक्तिलाई प्रदान गरिने क्षतिपूर्ति, सन्तानलाई शैक्षिक छात्रवृत्ति र मासिक शुल्क भुक्तानी, एकाघरका परिवारलाई गम्भीर बिरामी हुँदा दिइने औषधोपचार खर्च, सिप-मूलक तालिम आदिमा खर्च हुने गर्छ । यसैगरी, सामाजिक सुरक्षा कोषले विशेषतः योगदानका आधारमा भनेर स्पष्ट किटान गरे तापनि 'सहभागिता-योगदान-सामाजिक सुरक्षा' भन्ने मूल आधार तय गरेको छ ।

उल्लेखित विभिन्न शीर्षकहरूका नाममा राज्यको धेरै जनशक्ति र कामदारहरूको संकलित रकम अनधिकृत रूपमा खर्च भएको पाइन्छ । गत केही वर्षहरूमा प्रादेशिक रूपमा स्थापित श्रमाधान रोजगार मेला, नयाँ देशहरूमा श्रम बजारको खोजीमा अन्तर्राष्ट्रिय स्तरमा गरिने नयाँ रोजगारीका क्षेत्र र गन्तव्य मुलुकमा आयोजना भएका श्रम बजार मेला, कूटनीतिक भ्रमण, दूतावास स्थापना र व्यवस्थापनमा समेत श्रम स्वीकृतिबाट उठेका श्रमिकहरूका पसिनाको रकम दुरुपयोग भएको भन्ने आमगुनासा थिए र छन् ।

राज्यले एउटै उद्देश्यका खातिर फरक-फरक शीर्षकमा श्रम स्वीकृतिका नाममा संकलन गरिने रकमलाई एकद्वार प्रणालीबाट व्यवस्थापन गर्दा त्यसको औचित्य र उपयोगितामा सरलीकरण, पारदर्शिता र जवाफदेही रहन सहज हुने थियो । बिमा/कल्याणकारी कोष/सामाजिक सुरक्षा कोष शीर्षकमा रकम अनलाइन भुक्तानी हुने, प्रतिव्यक्ति ६/६ रुपैयाँका दरले अतिरिक्त सेवा शुल्कमा कटौती हुने, जनशक्ति कम लाग्ने, समयको बचत र राज्य स्वयं जवाफदेही बन्ने अवस्था भए राम्रो हुने थियो ।

समान सेवासुविधाका भुक्तानी क्षेत्रलाई विविधीकरण गर्दा राज्यका श्रमिकहरूले पाउने समग्र सेवासुविधामा पनि विविधीकरण हुँदा झन्झटिलो र अपारदर्शी हुन सक्छ । सामाजिक सुरक्षा कोष आफैंमा राम्रो लक्ष्यसहितको योजना थियो र हो पनि । तर सामाजिक सुरक्षाको

> *श्रम स्वीकृतिमा मूल्य र मान्यताका आधारमा श्रमिकहरूसँग राज्यले वैदेशिक रोजगार बिमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोषका नाममा रकम संकलन गर्छ । जुन समय अवधि र उमेर हदका आधारमा फरक-फरक हुन्छ । यस्ता फरक-फरक शीर्षकमा संकलन हुने रकमहरूको शाब्दिक उपयोगिता र सरोकार पक्षले पाउने क्षतिपूर्तिको विषय भने प्रश्नमा छ...*

नाममा राज्यले संकलन गरेको रकम फगत राज्यकै लागि मात्र हो । जुन योजनामा ९५ प्रतिशत श्रमिकहरूको पुनः सहभागितामा निरन्तरता छैन अर्थात् सम्भावित लाभ लिन सक्ने अवस्था छैन । सामाजिक सुरक्षा कोषको आवश्यकता, औचित्यता र महत्वबारे श्रमिकहरूलाई यथेष्ट जानकारीको अभाव, राज्यप्रतिको अविश्वास वा इच्छाशक्तिमा कमी के हो- राज्यले पुनः खोजसहितको मूल्यांक गर्नै पर्छ ।

सामाजिक सुरक्षा कोषमा वैदेशिक रोजगारमा जाने श्रमिकहरूको सहभागिता संख्यात्मक रूपमा बढेको छ (हालसम्म करिब १९ लाख श्रमिकहरूको आबद्धता) तर निरन्तरतामा भने ह्रास वा क्षय भइरहेको छ । यस विषयमा तालुकदार निकायको सूक्ष्म अध्ययनसहितको निष्कर्ष अनिवार्य छ ।

विद्यमान फरकफरक शीर्षकभन्दा सबै सेवासुविधालाई एकद्वार प्रणालीमा आबद्ध गराई क्षतिपूर्तिमा पनि समान आधार स्थापित गरिनुपर्छ । त्यसो भएमा मात्रै राज्यको जनशक्तिमा बचत, अनुसन्धानमा सहजीकरण, बिमाजस्ता निजी क्षेत्रहरूको अस्वस्थ प्रतिस्पर्धा र मनोमानीमा कमी आउनेछ । सँगै, शुल्क भुक्तानीमा लाग्ने कमिसनको बचत, लक्षित वर्गले पाउने सेवासुविधामा एकल आधार र सहजता हुने देखिन्छ ।

## इतिहासमा आज

२९ अगस्ट १९९७ मा अल्जेरियाको सशस्त्र इस्लामिक समूह जिआइएद्वारा अल्जेरियाको रइसमा ९८ गाउँलेहरू एकै ठाउँमा मारेका थिए । जसले अल्जेरियामा अशान्तिको अवस्था बनेको थियो ।



२९ अगस्ट २००५ मा आँधी क्याट्रिनाले लुइसियानादेखि फ्लोरिडा प्यानह्यान्डलसम्मको अमेरिकी खाडी तटको धेरैजसो भागलाई ध्वस्त पारेको थियो । जसमा १ हजार ८ सय ३६ जनाको मृत्यु भएको थियो १२५ अर्ब डलरको क्षति भएको थियो ।



२९ अगस्ट २०१२ मा सिचुआन प्रान्तको पान्झिहुआमा अवस्थित सियाओजियावान कोइला खानीमा विस्फोट हुँदा ४७ जना चिनियाँ खानी कामदार मारिएका थिए ।



२९ अगस्ट १९६६ मा राष्ट्रपति गमाल अब्देल नासेरको हत्याको षड्यन्त्र रचेको आरोपमा अग्रणी इजिप्टियन विचारक सयय्द कुतुबलाई मृत्युदण्ड दिइएको थियो ।



## सामाजिक सञ्जाल



**ओमकुमार थापा**

नेपालीपन मास्ने विदेशीको प्रपञ्चमा लागेर राष्ट्रघाती अंग्रेजी भाषामा सांकेतिक सवारी इम्बोस्ड नम्बर प्लेट जडान कार्य सशक्तद रूपमा बहिष्कार गर्दै नेपाली भाषामा इम्बोस्ड नम्बर प्लेट बनाउन दबाब सिर्जना गरौं । सेवाग्राहीबाट चर्को रकम असुलेर भ्रष्टाचार गर्न पल्केकाहरूको योजना विफल बनाऔं ।



**निर्मल प्रसाइँ**

चाइना, रुस, कोरिया, जापान, आफ्नो भाषामा कटिबद्ध छ, प्रतिबद्ध छ, संवेदनशील छ, जागरुक छ । नेपालको मन्त्री देवनागरी भाषामा इम्बोस्ड नम्बर प्लेट बन्दैन, अंग्रेजी भाषा नै चाहिन्छ भन्छन् । नेपालको मन्त्री पद चाहिने, राष्ट्रिय भाषा नचाहिने, विदेशी एजेन्ट भनेको यही हो ।



**गोकुल प्रसाद बाँस्कोटा**

समस्या विधि र प्रक्रियाका विषयमा भए पो समाधान हुन्छ । नियतमा नै समस्या छ भने कहिल्यै साधारण तरिकाले हल हुँदैन । नयाँ आधारको खोजी वा उदोँ बाटोको यात्रा ? मन लाग्या गरे भो । परेको व्यहोर्ने जनता छँदै छन्, के छ र ?



**विष्णुराज उप्रेती**

अन्तर्राष्ट्रिय सीमा विवादमा नापीको साथै, इतिहास, कानुन, नेगोसिएसन, नदीले सीमा छुट्याएको भए जलविज्ञान, भूगोल, रणनीति, जिआइएस र जिपिएस पनि अभिन्न अंग हुन भन्ने हाम्रो समाजले र खासगरी सञ्चार जगतले कहिले बुझ्ने होला । अन्तर्राष्ट्रिय सीमा विवाद भनेको नापी मात्र होइन क्या !

# सहरमा प्रदूषणको चिन्ता

विचार



● खगेन्द्र पौडेल

> *सहरी जीवनलाई स्वस्थ र सुरक्षित बनाउन प्रदूषण नियन्त्रण अपरिहार्य छ । नेपालका सहरहरूले विकास र आधुनिकताका नाममा प्रदूषणको भारी बोकेको अवस्था अब सह्य छैन । यद्यपि, दीर्घकालीन योजनाबिना यो समस्या समाधान हुने छैन...*

नेपालका सहरहरूमा प्रदूषणको समस्या अहिले गम्भीर चिन्ताको विषय बनेको छ । राजधानी काठमाडौंदेखि भरतपुर, पोखरा, विराटनगर, नेपालगन्जसम्मका सहरी क्षेत्रहरूमा हावा, पानी र माटो प्रदूषण तीव्र गतिमा बढ्दै गएको छ । यसले न केवल वातावरणीय सन्तुलनलाई असर गरिरहेको छ, मानव स्वास्थ्य, सामाजिक जीवन र आर्थिक गतिविधिमा समेत गहिरो प्रभाव पारिरहेको छ ।

सबैभन्दा ठुलो चुनौती भनेको वायु प्रदूषण हो । काठमाडौं उपत्यका विश्वकै अत्यधिक प्रदूषित सहरहरूमध्ये पटकपटक सूचीकृत हुँदै आएको छ । पुराना सवारीसाधनबाट निस्कने धुँवा, सडकमा उड्ने धुलो, इँटाभट्टाबाट निस्कने धुवाँ र निर्माण कार्यका कारण वायुमा धुलो-धुवाँको मात्रा असामान्य स्तरमा पुगेको छ । यो वायुजन्य प्रदूषणले मानिसमा श्वासप्रश्वाससम्बन्धी रोग, आँखाको समस्या, टाउको दुखाइ र दीर्घकालीन रूपमा फोक्सोसम्बन्धी रोग निम्त्याइरहेको छ । अझ बच्चा, वृद्ध र गर्भवती महिला यसबाट बढी प्रभावित हुने गरेका छन् ।

पानी प्रदूषण पनि सहरी क्षेत्रमा उत्तिकै गम्भीर छ । नदी, खोल्सा र पोखरीमा फोहोरमैला, ढल र औद्योगिक फोहोर मिसाइने हुँदा पानीको गुणस्तर खस्किएको छ । काठमाडौं उपत्यकामा बग्ने बागमती, विष्णुमती र अन्य नदीहरूको दयनीय अवस्था त्यसको स्पष्ट प्रमाण हो । यस्ता प्रदूषित नदी र जमिनको पानी प्रयोग गर्दा मानिसमा पेटसम्बन्धी रोग, छालासम्बन्धी समस्या र दीर्घकालीन रूपमा क्यान्सरसम्मका जोखिम बढ्ने वैज्ञानिकहरूले बताएका छन् । सहरी प्रदूषणको अर्को स्रोत भनेको अव्यवस्थित फोहोर व्यवस्थापन हो । घर, पसल, उद्योग र अस्पतालबाट दैनिक रूपमा निस्कने फोहोरको मात्रा बढ्दो छ तर व्यवस्थापन प्रणाली भने कमजोर छ । कतिपय ठाउँमा फोहोर थुपारिने मात्र गरिन्छ, जलाइन्छ वा नदीमा फालिन्छ । यसले वातावरण प्रदूषणसँगै कीरा-माकुराको वृद्धि, दुर्गन्ध र महामारी फैलिने खतरा बढाउँछ ।

ध्वनि प्रदूषणले पनि शहरी जीवनलाई असहज बनाइरहेको छ । अत्यधिक संख्यामा चल्ने मोटरसाइकल, कार, बस र ठुला गाडीहरू, निर्माण स्थलमा प्रयोग हुने मेसिन, चर्को आवाजमा बज्ने ध्वनि प्रणालीले मानिसको मानसिक स्वास्थ्यमा असर पुऱ्याइरहेको छ । लामो समयसम्म ध्वनि प्रदूषणमा बस्दा मानसिक तनाव, निद्रासम्बन्धी समस्या र कानसम्बन्धी रोगहरू बढ्ने तथ्य वैज्ञानिकहरूले प्रमाणित गरेका छन् । सहरहरूमा बढ्दो जनसंख्या, असंयमित सहरीकरण र योजनाविहीन विकासका कारण प्रदूषण अझ बढ्दै गएको हो । सडक विस्तार, उच्च संख्यामा हुने निर्माण कार्य, इन्धनमा निर्भरता, हरियाली क्षेत्रमा अतिक्रमण र अनियन्त्रित औद्योगिक गतिविधिले प्रदूषणलाई द्रुत रूपमा बढाएको छ । योजनाविहीन बसोबासका कारण वायुमण्डलीय प्रदूषण मात्र होइन, हरियाली घट्दा सहरको सौन्दर्य र वातावरणीय सन्तुलन पनि बिग्रिएको छ ।

प्रदुषणले स्वास्थ्य क्षेत्रमा मात्र नभई आर्थिक क्षेत्रमा समेत नकारात्मक असर पुऱ्याएको छ । प्रदूषणका कारण उत्पन्न हुने स्वास्थ्य समस्याले अस्पतालमा धाउँदा हुने खर्च बढाउँछ, काम गर्ने क्षमता घटाउँछ र उत्पादनशीलता घटाउँछ । पर्यटकीय हिसाबले पनि प्रदूषणले सहरहरूको आकर्षण घटाउँछ, जसले नेपालको अर्थतन्त्रमा योगदान गर्ने पर्यटन क्षेत्र कमजोर बन्न सक्छ ।

यस्तो अवस्थामा प्रदूषण नियन्त्रणका लागि तत्काल र दीर्घकालीन कदम चाल्न जरुरी छ । सवारीसाधनमा कडाइका साथ उत्सर्जन परीक्षण लागू गर्नुपर्छ, सार्वजनिक यातायातलाई प्रोत्साहन गर्नुपर्छ, वातावरणमैत्री ऊर्जा प्रयोगतर्फ लाग्नुपर्छ । हरियाली बढाउन वृक्षरोपणलाई प्राथमिकतामा राख्नुपर्छ, नदी र जलस्रोत सफाइका अभियानलाई निरन्तरता दिनुपर्छ । साथै फोहोर व्यवस्थापनलाई आधुनिक प्रविधिमार्फत गर्नुपर्ने आवश्यकता छ । स्थानीय सरकारदेखि संघीय सरकारसम्मले प्रदूषणलाई नीतिगत रूपमा प्राथमिकतामा राख्नुपर्ने बेला आएको छ । सहरी जीवनलाई स्वस्थ र सुरक्षित बनाउन प्रदूषण नियन्त्रण अपरिहार्य छ । नेपालका सहरहरूले विकास र आधुनिकताका नाममा प्रदूषणको भारी बोकेको अवस्था अब सह्य छैन । यद्यपि दीर्घकालीन योजनाबिना यो समस्या समाधान हुने छैन । त्यसैले प्रदूषण नियन्त्रणलाई सबै नागरिक, सरकारी निकाय र निजी क्षेत्रले साझा जिम्मेवारीका रूपमा लिन जरुरी छ ।

# जुम्लामा संघीय खानेपानी कार्यालयको दायरा घट्यो

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १२ भदौ

जुम्लामा रहेको संघीय खानेपानी तथा ढल निकास व्यवस्थापन कार्यालय अब स्थायी कार्यालयको रूपमा नरही फिल्ड कार्यालयका रूपमा मात्र सञ्चालन हुने भएको छ । नेपाल सरकार, खानेपानी मन्त्रालयको निर्णय अनुसार उक्त कार्यालयको स्थायी संरचना हटाइ फिल्ड इकाइमा सीमित गरिएको हो ।

मन्त्रालयका उपसचिव तथा सूचना अधिकारी टेकनाथ दाहालका अनुसार जुम्लासहित देशका केही कार्यालयहरूलाई खारेज गरी अब फिल्ड स्तरबाट काम अघि बढाइने भएको छ । 'काम सहज बनाउन केही कर्मचारी फिल्डमा खटाइने छन्' उनले भने ।

सरकारले २०८२ साउन महिनादेखि जुम्लासहितका कार्यालय खारेज गर्ने निर्णय गरेपछि स्थानीय तह, जनप्रतिनिधि र राजनीतिक दलहरूले यसको विरोध जनाउँदै मन्त्रालयको ध्यानाकर्षण गराएका थिए । जुम्लाबाट प्रतिनिधित्व गर्ने सांसद ज्ञानबहादुर शाही, कान्तिका सेजुवाल र छिरिङ ल्हामु लामा तामाङले संसदमा पनि यो विषय उठाएका थिए । सरकारले गरेको सो निर्णयप्रति जुम्ला कार्यालय २०८२ असार २९ गतेदेखि तालाबन्दी भएको छ। हाल उक्त कार्यालयमा केवल एक जना कार्यालय सहयोगी मात्र कार्यरत छन् भने अन्य कर्मचारीहरूलाई अन्यत्र सरुवा गरिएको छ ।

कार्यालय खारेज भएपछि जुम्लामा रहने फिल्ड इकाइ कार्यालयले केवल परियोजनाको सुपरिवेक्षण मात्र गर्नेछ भने लेखा प्रणाली र प्रशासनिक कामकाज सुर्खेतस्थित कार्यालयमार्फत सञ्चालन गरिने भएको छ ।

मन्त्रालयले २०८२ साउन ११ गते जारी गरेको पत्र अनुसार, सुर्खेत, धनकुटा, चितवन, पोखरा, बुटवल, र कञ्चनपुरमा स्थायी कार्यालय रहने छन्, जबकि जुम्ला, कैलाली, इलाम, अर्घाखाँची, म्याग्दी, र हेटौंडामा फिल्ड इकाइ मात्र रहने व्यवस्था गरिएको छ ।

जिल्ला समन्वय समिति, जुम्लाका प्रमुख गौरीनन्द आचार्यले भने, 'फिल्ड कार्यालय मात्रै होइन, जुम्लामा स्थायी कार्यालय आवश्यक छ । यहाँका परियोजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि पूर्ण कार्यालयको उपस्थिति अपरिहार्य छ ।'

स्थानीय बासिन्दा र सरोकारवालाहरूले कार्यालय खारेज भएपछि बृहत् धौलीगाड खानेपानी आयोजना लगायत दर्जनौं परियोजनाहरू प्रभावित हुने खतरा बढेको बताएका छन् ।

जुम्लावासीले यस कार्यालयमार्फत आठ हजार धाराको परियोजना बृहत् धौलीगाड खानेपानी आयोजनासहित अन्य दर्जनौं खानेपानी आयोजनामा



संचालनमा असहज हुने चिन्ता व्यक्त गरेका छन् । प्रमुख आचार्यले जुम्ला जस्तो भौगोलिक रूपमा विकट र विकासमा पछि परेको जिल्लामा स्थायी खानेपानी कार्यालय अनिवार्य रहेको बताए ।

संघीय खानेपानी कार्यालयको दायरा घटाएर स्थायी संरचना हटाउनु संघीयता (संघीय शासन व्यवस्था)को मूल मर्म र भावना विपरीत हुने उनको तर्क छ ।

संघीय शासन प्रणालीको आधारभूत सिद्धान्तनै सेवाहरूलाई स्थानीय तहसम्म पुऱ्याउने, क्षेत्रीय सन्तुलन कायम गर्ने र केन्द्रको तुलनामा टाढा रहेका क्षेत्रलाई समेत समान अवसर दिने हो ।

तर जुम्ला जस्तो कर्णाली प्रदेशको दुर्गम जिल्ला, जहाँ सडक, स्वास्थ्य, शिक्षा र पूर्वाधारका सेवाहरूमा पहिले नै पहुँच कमजोर छ, त्यहाँबाट स्थायी संघीय कार्यालय हटाउनुले राज्यको पहुँच झन् सिमित हुने खतरा बढाएको स्थानीय सरोकारवालाहरूले बताएका छन् ।

कार्यालय खारेज गरेर लेखा प्रणाली सुर्खेतमा राख्नु भनेको सेवा पाउने नागरिकलाई अझ टाढा पठाउनु हो, जुन विकेन्द्रीकरणको आत्मा विपरीत ठहरिने सरोकारवालाहरूको भनाइ छ। सांसद, जनप्रतिनिधि र स्थानीय तहहरूले विरोध गर्दा पनि निर्णय फिर्ता नगर्नुले लोकतान्त्रिक सहभागिताको अवमूल्यन भएको उनीहरूको धारणा छ ।

**आयोजनामा असर पर्ने चिन्ता**

बृहत् धौलीगाड खानेपानी आयोजना जस्ता ठूला योजनाहरूमा ढिलासुस्ती, अनुगमनमा कमजोरी र सेवा प्रवाहमा बाधा पुग्ने जोखिम देखिएको छ । यसरी संघीयता कार्यान्वयनको नाममा स्थापित कार्यालयलाई हटाएर पुन:सबै संरचना केन्द्रीय वा क्षेत्रीय कार्यालय (जस्तै सुर्खेत) अन्तर्गत सीमित गर्नु संघीयताको सैद्धान्तिक र व्यावहारिक उद्देश्य दुवैसँग मेल नखाने देखिएको सरोकारवालाहरूको भनाइ छ ।

## जिप दुर्घटनामा चार जनाको मृत्यु

**डडेल्धुरा/मस-** डडेल्धुराको नवदुर्गा गाउँपालिका-५ मा बिहीबार बिहान से १ ज ७३८ नं को जिप दुर्घटना हुँदा चार जनाको घटनास्थलमै मृत्यु भएको छ ।

मृत्यु हुनेमा नवदुर्गा- ५ का १८ वर्षीय सुरेश साउद, २३ वर्षीय सुरेश पार्की, ४० वर्षीया तारा अवस्थी र ७२ वर्षीया कलावती साउद रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक डम्बर विष्टले जानकारी दिए ।

उनका अनुसार ठाँटा बजारबाट डडेल्धुरा सदरमुकामतर्फ आइरहेको जिप दुर्घटनामा परेको हो । त्यसैगरी घाइते हुनेमा सोही वडाका १८ वर्षीया सुशीला विक, ४४ वर्षीय प्रकाश विक, ४८ वर्षीय चन्द्रबहादुर साउद, ३५ वर्षीय रामबहादुर साउद, ४२ वर्षीय गणेशबहादुर साउद र वर्ष ४ की प्रतिका पार्की छन् ।

घाइतेहरुलाई उपचारका लागि सदरमुकामस्थित डडेल्धुरा अस्पताल ल्याइएको र घटनाका कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


# INVITATION FOR SEALED TENDER BIDS

First date of publication: 29th August 2025

NMB Bank Limited, Kathmandu, invites sealed tender bids from interested and eligible bidders for the **Call Center Services (Outsourcing of Activities).**

Interested bidders may obtain the bid document upon payment of a non-refundable fee of NPR 2,000.00 (Nepalese Rupees Two Thousand Only), deposited in the account (Account Name: Bid Document Purchase Parking Account and Account Number: 00901371300114). To collect the bid document, bidders must submit a written application along with a copy of the deposit receipt to the Projects and Strategic Sourcing Department of the bank.

The tender must be submitted in a sealed envelope as specified in the Bid Documents/RFP Document, following the schedule outlined therein.

| S.N. | Activity | Date/Venue |
|---|---|---|
| A. | Submission of Sealed Tender Bids | Duly completed BID/RFP documents must be submitted to the address below on or before 5:00 PM, 18th September 2025 (21st day from the date of publication of this notice). In case of a public holiday, submission will be accepted on the next working day. |
| B. | Opening of Sealed Tender Bids | Will be informed later |

1. The bidder should be a local company/firm registered under their respective legislatures in Nepal with 1 year of relevant experience as per Scope of Services.
2. The bidder should have an established setup in Nepal. The Call Center Services and setup offered should be in Kathmandu Valley.
3. The Bidder should have worked as Call Center vendor for at least one service sector industry in Nepal for whom the bidder should have setup and currently running the Call Center Operations.
4. The Bidder must comply with all the documents outlined in the RFP Document. Non-compliance with any required document shall result in disqualification of the bid.
5. The Bank reserves the right to accept or reject any or all applications without assigning any reason whatsoever.
6. Interested Bidder/participant may contact the office of:

**Projects and Strategic Sourcing Department**
**NMB Bank Limited**
**Krishna Tower – 6th Floor, Bijuli Bazar**
**Ph No: 01-4217117, Ext - 1578**

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values



## कुवेतमा रोजगार

कम्पनी: SKY LOGISTICS GEN TRADING & CONT CO — शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०५/११ — चलानी नं.: ६०२२४१८४ — L.T. No.: 309309 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helpers-Electrial | 33 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४५,७७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Industrial Electrician | 40 | 0 | | 130 | ५९,५१२ | | | | | | | |

अन्तर्वार्ता युनिभर्सल टेक्निकल इन्टिच्यूट र ओरिन्टेसन सेन्टर, महाराजगञ्ज काडमाण्डौमा २०८२ भदौ २० गते (5 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Samridhha Human Resources Pvt. Ltd.** Gov. Lic No. 1045/073/074
Hattigaunda-08, Buddhanilkantha, Kathmandu, Tel: 01-4371370, 4371369, 9813033715
9851315449 | 9827549952, Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com



## CYPRUS मा रोजगार

कम्पनी: G.PAPHIOS PRIVATE EMPLOYMENT IMMIGRATION SERVICES शहर: LIMASSOL
पूर्व स्वीकृत मितिः २०८२/०५/१२ — चलानी नं.: ६०२४३९१६ — LT. No.:329422

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ६४,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २० गते (5 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. ३५,००० कामदारले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**KOSH OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. १५०६/०७४/७५
Seti Opi Marg, Koteshwor-32, Kathmandu, Tel.: 014537535, 014537536, 9851197732.
Email: info@koshoverseas.com., koshoverseas@gmail.com.

## कतारमा रोजगार

कम्पनी: ABDUL RAHMAN BIN JASSIM AL THANI & SONS CO. CONTRACTIN TRADING शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/१०/०५ — चलानी नं.: ६०२१३४२४ — L.T. No.: 298455 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOURER | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २० गते (5 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**JALAJALA RECRUITMENT PVT. LTD.**
Tokha -7, Kathmandu, Nepal, Tel: 4350257, 4350900, 9849007152
Email: jalajalarecru2017@gmail.com, Web.:www.jalajalarecruitment.com
Gov. Lic No. 1224/074/075

## युएईमा रोजगार

कम्पनी: BEST MANPOWER FACILITY MANAGEMENT L.L.C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/२१ — चलानी नं.: ६०२३९१५४ — LT. No.: 325233 — चलानी नं.: ६०२३९१५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper (All Rounder) | 96 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३४,३०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 100 | 0 | | 1200 | ४५,७४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २० गते (5 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**Koperasi International Pvt. Ltd.**
श्रम इजाजत नं. १२८७/०७४/०७५
Tokha-9, Gongabu, (Shiva Mandir), Kathmandu, Tel.: 01-5912411
Mob: 9851023473 | Email: sarojoli208@gmail.com


# भोटखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**हटिया, सङ्खुवासभा**
**कोशी प्रदेश, नेपाल**

## सेवा करार सेवामा कर्मचारी आवश्यकत्ता सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०५/१३**

भोटखोला गाउँकार्यापालिकाको कार्यालय हटिया, सङखुवासभामा देहायको सख्या र पदमा करार कर्मचारीको आवश्यकत्ता भएकोले यो विज्ञापन प्रकाशित गरिएको छ। ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र कार्यालय समय र सो दिन बिदा परेमा भोली पल्ट यस कार्यालयमा आवेदन फारम पेश गर्न सकिने छ ।

| सि. नं. | विज्ञापन नं | पद | तह | माग पद संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ०३-०८२/०८३ | जनस्वास्थ्य अधिकृत | सातौं तह | १ | १.जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह उतिर्ण गरेको । |
| २ | ०४-०८२/०८३ | उधम विकास सहजकर्ता | सहायक चौथो | १ | १.मान्यता प्राप्त शिक्षण सस्था वा तालिम केन्द्रबाट उधम विकास सहजकर्ता सम्बन्धी<br>क. डिप्लोमा कोर्ष उतिर्ण वा<br>ख. सिप परिक्षण तह २ वा ३ उतिर्ण गरेको ।<br>र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको । |
| ३ | ०५-०८२/०८३ | कार्यालय सहयोगी | श्रेणी बिहिन | १ | १.साधारण लेखपढ |

१. आवेदन दिने स्थान : भोटखोला गाउँकार्यपालिकाको कार्यालय हटिया, सङखुवासभा ।
२. परिक्षा संचालन प्रकृया : लिखित र अन्तरर्वार्ता (कार्यालय सहयोगीको लागी अन्तरबार्ता परिक्षा मात्र) ।
३. आवेदन दिने अन्तिम मिति : २०८२/०६/०२ गते
४. उमेर : दरखास्त पेश गर्ने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । (महिला तथा अपाङ्गता भएका ब्यक्तिको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको )
५. आवेदन दस्तुर : रु.५००।- भोटखोला गाउँपालिकाको ग्लोवल आई. एम. ई. बैंकमा रहेको - आन्तरिक राजश्व खाता भोटखोला खाता नं १५००४०१००००००८ राजश्व शिर्षक नं १४२२४ मा जम्मा गरेको भौचर ।
६. सेवा सुविधा : करार सेवा संझौतामा उल्लेख भए अनुसार ।
७. काम गर्नु पर्ने स्थान :
   १.जनस्वास्थ्य अधिकृत - भोटखोला गाउँकार्यपालिकाको कार्यालय स्वास्थ्य शाखा- "म स्वस्थ, मेरो समुदाय स्वस्थ : घरटोलमा स्वास्थ्य प्रवर्दन कार्यक्रम"
   २.उधम विकास सहजकर्ता - भोटखोला गाउँकार्यपालिकाको कार्यालय उधम विकास शाखा
   ३.कार्यालय सहयोगी - छुम्सुर सामुदायिक स्वास्थ्य ईकाइ , भोटखोला -२ छुम्सुर सङखुवासभा ।
८. परिक्षा संचालन मिति : आवेदनको म्याद समाप्त पश्चात निर्णय गरि सूचना प्रकाशन गरिने छ ।
९. आवश्यक कागजात : सम्बन्धीत विषयको योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र , सम्बन्धीत काउन्सिल दर्ता प्रमाणत्र सहित पुर्णरुपमा आवेदन फारम भरेको ।

**(फुर्पु भोटे)**
**प्रमुख प्रशासकीय अधिकृत**

**नोटः आवेदन फारम भोटखोला गाउँकार्यपालिकाको कार्यालय हटिया सङखुवासभाबाट वा www.bhotkholamun.gov.np बाट डाउनलोड गरि लिन सकिनेछ ।**

**"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"**

# चौदण्डीगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**बेल्टार, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

कोशी प्रदेश पर्यटन वर्ष २०८२

## करारमा कर्मचारी लिने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०५/१३ गते)**

यस चौदण्डीगढी नगरपालिकाको कार्यालय तथा मातहतमा रहेका स्वस्थ्य संस्थामा तपशील बमोजिमको पदमा करार सेवा मार्फत कर्मचारी नियुक्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोके बमोजिमको ढाँचामा रितपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र. सं. | विज्ञापन नं. | पद/तह | माग पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|
| १. | १/२०८२/०८३ | जनस्वस्थ्य अधिकृत (सातौं तह) | १ (एक) | रु. १२००/- |
| २. | २/२०८२/०८३ | पोषण सहायक | १ (एक) | रु. ५००/- |
| ३. | ३/२०८२/०८३ | MIS फिल्ड सहायक (चौथो तह) | १ (एक) | रु. ५००/- |
| ४. | ४/२०८२/०८३ | अ.न.मी. (चौथो तह) | १ (एक) | रु. ५००/- |
| ५. | ५/२०८२/०८३ | अ.स. इन्जिनियर (चौथो तह) | १ (एक) | रु. ५००/- |
| ६. | ६/२०८२/०८३ | बैद्य (चौथो तह) | १ (एक) | रु. ५००/- |

**परीक्षा मिति र स्थानः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन भए पश्चात् जानकारी गराईनेछ ।
**परीक्षाको किसिमः** सङ्क्षिप्त सूची प्रकाशित गर्ने, लिखित परीक्षा र अन्तरवार्ता ।
**दरखास्त दिने अन्तिम मितिः** मिति २०८२/०५/२६ गते कार्यालय समयभित्र । सो दिन सार्वजनिक विदा परेमा त्यस पछि कार्यालय खुलेको दिनको कार्यालय समयभित्र ।
**दरखास्त दस्तुर बुझाउने स्थानः** चौदण्डीगढी नगरपालिका कार्यालयको राजश्व शाखा ।
**दरखास्त फाराम बुझाउने स्थानः** चौदण्डीगढी नगरपालिका कार्यालयको प्रशासन शाखा ।
**उम्मेदवारको उमेर हदः**
**जनस्वस्थ्य अधिकृत (सातौं)-** दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
**अ.न.मी. र वैद्य (चौथो तह)-** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
**अन्य पद-** महिला तथा अपाङ्गको हकमा दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
**आवश्यक कागजातहरुः** करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधिको अनुसूची ३ अनुसारको दरखास्त फारम भरी ३ प्रति पासपोर्ट साईजको फोटोसहित तल उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र आफूले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदनसहित चौदण्डीगढी नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका दरखास्त फारमहरुलाई मान्यता प्रदान गरिने छैन।
**आवश्यक न्यूनतम योग्यता-**
१. **जनस्वस्थ्य अधिकृत (सातौं तह)**: मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह उत्तीर्णको उपाधि प्राप्त गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा नाम दर्ता तथा नवीकरण भएको प्रमाण-पत्र ।
२. **पोषण सहायकः** मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ वा सो सरह उत्तीर्ण गरी आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिना तालिम लिएको प्रमाण-पत्र भएको ।
३. **MIS फिल्ड सहायक (चौथो तह)**: मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE वा सो सरह उत्तीर्ण भएको प्रमाण-पत्र ।
४. **अ.न.मी. (चौथो तह)**: मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरी नेपाल नर्शिङ परिषदमा दर्ता भएको प्रमाण-पत्र र एस.बि.ए. तालिम प्राप्त भएको ।
५. **अ.स. इञ्जिनियर (चौथो तह)**: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि.एस.एल.सी. उत्तीर्ण भएको प्रमाण-पत्र ।
६. **बैद्य (चौथो तह)**: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी एक वर्षको सहायक आयुर्वेद कार्यकर्ता कोर्ष उत्तीर्ण भइ सो को प्रमाण-पत्र ।

**कार्यअवधि, तलव तथा अन्य सुविधाः** सम्झौताअनुसार हुनेछ। यसरी गरिने सम्झौता अवधि समाप्त भएपछि पुन नवीकरण गर्ने नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहने र यसमा कुनै उजुर बाजुर गर्न पाईने छैन ।
**नोट- सबै पदमा कार्यानुभव भएकालाई प्राथामिकता दिइने छ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

८ | मध्यान्ह राष्ट्रिय दैनिक

आर्थिक

www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०

१३ भदौ २०८२ शुक्रबार

29 August 2025 Friday


## स्काई लाइन इन्फ्राको सेयर निष्कासनका लागि हिमालय सेक्युरिटिजसँग सम्झौता




**वीरगन्ज/मस–** चारतारे होटल स्काई लाइन इन्फ्राको सेयर निष्कासन सम्बन्धमाा निष्कासन तथा बिक्री प्रबन्धमा हिमालय सेक्युरिटिज बैंकरले गर्ने भएको छ । सम्झौताले स्काई लाइन इन्फ्रालाई नयाँ व्यावसायिक यात्रा तथा कम्पनीको विस्तारमा थप सहयोग पुऱ्याउनेछ ।

सम्झौताको हस्ताक्षरमा स्काई लाइन इन्फ्राका तर्फबाट राजेश अग्रवाल, सत्यनारायण केयल, सुभाष अग्रवाल, विनोद श्रेष्ठ, प्रतीक अग्रवाल, आकृति अग्रवाल, अंकुर भंगर अग्रवालले गरे। हिमालय सेक्युरिटिज बैंकरको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुभाषबहादुर श्रेष्ठ र नायब महाप्रबन्धक शंकर राजवाहकको प्रतिनिधित्व रह्यो ।

हिमालय सेक्युरिटिज बैंकर नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त मर्चेन्ट बैंकर संस्था रही मर्चेन्ट तथा इन्भेस्टमेन्ट्स बैंकिङ सेवा प्रदान गर्दै आएको छ। स्काई लाइन इन्फ्रा सरोवर पोर्टीको ब्रान्डअन्तर्गत चारतारे होटलका रूपमा स्थापित रहेको छ ।

## नेपालमा ग्रिन हाइड्रोजन उत्पादनका लागि कोरियाली कम्पनीसँग सम्झौता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ भदौ



नेपालमा ग्रिन हाइड्रोजन प्लान्ट र इन्धन सेल प्लान्ट स्थापना गर्न समझदारी पत्रमा हस्ताक्षर भएको छ । लगानी बोर्ड नेपाल र दक्षिण कोरियाली कम्पनी जि-फिलोस कम्पनी लिमिटेडबीच हरित हाइड्रोजन प्लान्ट र इन्धन सेल प्लान्ट स्थापना गर्ने सम्बन्धमा विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्न आधिकारिक रूपमा समझदारीपत्र (एमओयु)मा हस्ताक्षर भएको हो ।

समझदारीपत्रमा लगानी बोर्डकोतर्फबाट प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुशील ज्ञवाली तथा प्रस्तावक कम्पनी जि-फिलोस कम्पनी लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गा वु पार्कले आज हस्ताक्षर गरेका हुन् । सो समझदारीअनुसार प्रस्तावक कम्पनी जि-फिलोस कम्पनी लिमिटेडले लगानी बोर्डबाट सर्वेक्षण अनुमतिपत्र प्राप्त गरेपश्चात विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी करिब १० महिनाभित्रमा लगानी बोर्डको कार्यालयमा पेस गर्नेछ। लगानी बोर्डकाअनुसार अध्ययन प्लान्ट स्थापनाका लागि ७ अर्ब रुपैयाँ लगानी हुनेछ । कम्पनीले प्रारम्भिक चरणमा २० मेगावाट क्षमताको ग्रिन हाइड्रोजन उत्पादन गर्ने प्रस्ताव गरिएको छ । सो हस्ताक्षर कार्यक्रममा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले यसप्रकारको परियोजनामा प्राज्ञिक क्षेत्रकोसमेत महत्वपूर्ण भूमिका रहने तथा यस्ता परियोजनाले नेपालजस्तो राष्ट्रमा पुँजी तथा प्रविधिको विनिमयमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे। नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क ताए योङले नेपालमा यसप्रकारका नवीकरणीय स्वच्छ ऊर्जाको प्रचुर सम्भावना रहेको औंल्याउँदै यस्ता परियोजनाले नेपालले परिलक्षित गरेका दिगो विकास लक्ष्यको प्राप्तिमा कोशेढुंगा साबित हुने बताए ।

## पढाइसँगै कमाइ : इम्बार्क कलेजले ल्यायो नयाँ 'वर्क स्टडी' पहल



**काठमाडौं/मस–** इम्बार्क कलेजले दुईवटा महत्वपूर्ण कार्यक्रमको घोषणा गरेको छ । 'व्यावहारिक सिप तालिम (अप्रेन्टिससिप) कार्यक्रम' र 'नवप्रवर्तन (स्टार्टअप) क्षमता विकास कार्यक्रम' ल्याएको हो । नेपालका भविष्यका व्यावसायिक नेतृत्व विकास गर्न, रोजगारी सुनिश्चित गर्न र उद्यमशीलता प्रवर्धन गर्ने अपेक्षा कलेजले गरेको छ ।

इम्बार्क कलेजका कार्यकारी निर्देशक तथा सिइओ आशिष ठाकुरले भने, 'यस कार्यक्रमले स्नातकहरूले शैक्षिक जीवनपछि व्यावसायिक जीवनमा प्रवेश गर्दा हुने अनिश्चिततालाई अन्त्य गर्छ। हामीले व्यावसायिक शिक्षालाई प्रत्यक्ष उद्योगसँग जोडेर नेपालमा करियर-रेडी शिक्षाको नयाँ मापदण्ड स्थापित गरेका छौं ।'

यस कार्यक्रमले नेपालका प्रमुख तथा नवीन उद्योग र उद्यमसँगको साझेदारीमार्फत योग्य स्नातकहरूलाई रोजगारी सुनिश्चित गर्ने र सहभागी कम्पनीहरूले संरचित तालिम आवश्यकताको मूल्यांकनअनुसार रोजगारीको अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।

पूर्वनियोजित संरचना, व्यावसायिक परामर्श, नियमित मूल्यांकन र दीर्घकालीन साझेदारी सम्झौता समावेश छन्, जसले उद्योगलाई दक्ष जनशक्ति र विद्यार्थीलाई सुनिश्चित करियर मार्गदर्शन दिन्छ। इम्बार्क कलेजले सुरु गरेको स्टार्टअप क्षमता विकास कार्यक्रमले कानुनी रूपमा दर्ता भई १० वर्षभन्दा कम समय सञ्चालन भएका तथा वार्षिक कारोबार १५ करोड भन्दा कम भएका नवप्रवर्तन व्यवसायहरूलाई लक्षित गरेको छ। कार्यक्रमले नेपाल सरकारको राष्ट्रिय स्टार्टअप नीति २०८० र औद्योगिक उद्यम ऐन २०७६ सँग मेल खाने गरी नवप्रवर्तनशील व्यवसायहरूलाई सहयोग प्रदान गर्छ। सिइओ ठाकुर भने, 'नेपालमा उद्यमशीलताको सम्भावना अपार छ तर रणनीतिक स्रोतसम्मको पहुँच सीमित छ। हाम्रो कार्यक्रमले नवप्रवर्तनलाई दिगो व्यवसायमा रूपान्तरण गर्न समग्र क्षमता विकासमा जोड दिन्छ ।' यी दुई कार्यक्रमहरूले नेपाल सरकारको नीतिअनुरूप समृद्ध उद्यमशील पारिस्थितिक तन्त्र निर्माणमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

## बिमा प्राधिकरणको अध्यक्ष नियुक्तिका लागि सिफारिस समिति गठन




**काठमाडौं/मस–** नेपाल बिमा प्राधिकरणको अध्यक्ष नियुक्तिका लागि तीन सदस्यीय सिफारिस समिति गठन गरिएको छ। समितिको संयोजकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी छन्। समितिमा अर्थ सचिव घनश्याम उपाध्याय र विज्ञ सदस्यका रूपमा डा. खोमराज खरेल नियुक्त भएका छन्। भदौ ९ गते बसेको मन्त्रिपरिषद् बैठकले अध्यक्ष नियुक्तिका लागि सिफारिस समिति गठन गर्ने निर्णय गरेको थियो ।


### रंगेली नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**रंगेली, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०५/१३**

यस रंगेली नगरपालिकाबाट मिति २०८२/०४/०१ गतेको आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम मिति २०८२/०५/०२ गते खोलिएका शिलवन्दी बोलपत्रहरुको मुल्याङकन समितिबाट निर्णय भए बमोजिम तपशिलका बोलपत्र न्यूनतम मुल्याङ्किक सारभूतरुपमा प्रभावग्राही रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि आशयको सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल**

| सि. नं. | योजनाको नाम | बोलपत्रदाताको नाम | कवोल रकम रू. (मु.अ.कर सहित) |
|---|---|---|---|
| १. | **मेसिनरी उपकरण भाडामा लिने कार्य** (क) ब्याकहोई (टायर), (ख) हाइड्रोलिक ट्याक्टर | आनन्द एण्ड सिता कन्स्ट्रक्सन प्रा.लि., रंगेली | ६२१५ |
| २. | **मेसिनरी उपकरण भाडामा लिने कार्य** (क) चेन स्क्यावेटर (१२० देखि २०० PC), (ख) लोवेड (चेन स्क्यावेटर बोक्ने) | आगन ब्रिक्स इन्डष्ट्रीज, विराटनगर | १५३८३८२ |

**प्रमुख प्रशासकीय अधिकृत**



### डुङ्गेश्वर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**डाँडापराजुल, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**क्याटलग/ब्रोसर सपिंग विधिबाट ब्याकहो लोडर खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०८२/०५/१३**

यस आ.व. २०८२/०८३ मा यस डुङ्गेश्वर गाउँपालिकाको प्रयोजनका लागि देहाय बमोजिमको व्याकहो लोडर सार्वजनिक खरिद ऐन २०६३ पहिलो संशोधन २०७३ को दफा ८ को उपदफा १ (क) ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन ) को नियम ३१ (ख) बमोजिम यस्ता हेभी इक्युपमेन्ट उत्पादक कम्पनि वा सोको आधिकारिक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग/ब्रोसर/सपिङ्ग) विधिवाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) का उपनियम २ अनुसार देहाय बमोजिम हेभी इक्युपमेन्टको उत्पादक वा आधिकारिक विक्रेताहरूवाट उक्त मेशिन विक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र सो को अध्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता वा म्याद थप पत्र वा २०८०/०८१ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त मेशिन सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मुल्य, गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग/ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको दिउसों १२ बजे सम्म यस कार्यालयमा छुट्टाछुट्टै निवेदन दर्ता गराउन (चौथो संशोधन सहित), सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) बमोजिम प्रस्ताव आव्हान गरिएको छ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोहि दिनको दिउँसों १:०० बजे खोलिने छ । पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछीको कार्यालय खुलेको दिनमा पेश गर्न सकिने छ । साथै सुचिकृत नभएका उत्पादन वा आधिकारिक विक्रेता कम्पनीहरुको सुचिकृत गराई उक्त सिलवन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स. | ठेक्का नं | साधनको नाम | जम्मा ल.ई.(भ्याट सहित) | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|---|
| 1. | DRM/DLKH/GOOD/01/2082/083 | Backhoe Loader (JCB) | रु. ५८,४०,०००.०० (अन्ठाउन्न लाख चालिस हजार मात्र | १ वटा | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत प्राविधिक स्पेशिफिकेशन बमोजिम हुनेछ। प्राविधिक स्पेशिफिकेशन कार्यालयको वेवसाइटमा राखिएको छ। |

**प्रमुख प्रशासकीय अधिकृत**



### हिलटन हाइड्रो इनर्जी लिमिटेड
**(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)**
**कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वर, काठमाण्डौँ**
**फोन नं. ०१-४५४२७८२ । ईमेलः hiltonhydroenergy@gmail.com**

**चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित २०८२/०५/१३**

**श्री शेयरधनी महानुभावज्यूहरू,**

यस हिलटन हाइड्रो इनर्जी लिमिटेडको मिति २०८२/०५/११ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको चौथो वार्षिक साधारण सभा तपसिल बमोजिमको मिति, समय र स्थानमा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनी नियमावलीको नियम १८ को उपनियम (३) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२ साल आश्विन २ गते बिहिबार (तदनुसार सन् २०२५ सेप्टेम्बर १८)
समय : अपरान्ह ३:०० बजे ।
स्थान : लिसरा रिसेप्सन्स् प्रा.लि., नक्साल, काठमाडौ ।

**छलफलका विषयहरु :**

**(क) साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू उपर छलफल गरि पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समिति बैठकमा उपस्थित सदस्यहरुको बैठक भत्ता अनुमोदन तथा निर्धारण गर्ने ।
५. स्वतन्त्र सञ्चालकको नियुक्ति सम्बन्धमा ।
६. सञ्चालक समिति बैठकको सिफारिस बमोजिम आ.व. २०८१/८२ को मुनाफाबाट चुक्ता पूँजीको ५.२६३% (पाँच दशमलव दुई छ तीन प्रतिशत) (कर सहितको) नगद लाभांश वितरण गर्ने ।
७. सञ्चालक समितिको मिति २०८१/०५/२४ गते बसेको बैठकले व्यक्तिगत र संस्थागत जमानी सम्बन्धमा गरेको निर्णय अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. स्वतन्त्र सञ्चालकको कार्यकाल सम्बन्धमा कम्पनी नियमावलीको नियम ३० को उपनियम (१) (ग) संशोधन गर्ने ।

**(ग) विविध :**

१. विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरूको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने अवस्था आइपरेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

**साधारण सभा सम्बन्धि अन्य जानकारीहरुः**

१. प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीहरुले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रिय कार्यालयमा कम्पनीले तोकेको प्रोक्सी फारम भरेर पेश गरिसक्नुपर्नेछ। एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फारम रद्द गरिनेछ ।
२. मिति २०८२/०५/२४ गते देखि साधारण सभा नभईञ्जेलसम्म शेयर दाखिल खारेज बन्द गरिनेछ ।
३. छलफलका विषयसूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धि प्रस्ताव कारण सहित उल्लेख गरि कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ ।
४. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रवेश पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाउनुहुनेछ। कुनै महानुभावले कुनै कारणवश प्रवेश पत्र वा शेयर प्रमाणपत्र प्राप्त गर्न नसक्नु भएमा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क राखि साधारण सभा हुने मिति अगावै प्रवेश पत्र प्राप्त गर्नहुन अनुरोध गरिन्छ ।
५. अन्य जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा फोन नं. ०१-४५४२७८२ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**